पोते, मोति र क्रिष्टलका सामग्री निर्माणकर्ता

(Beads, Pearl & Crystal's Items Maker)

छोटो अवधिको

पाठ्यक्रम

(दक्षतामा आधारित)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

पाठ्यक्रम विकास महाशाखा

सानोठिमी, भक्तपुर

२०७३ आषाढ

बिषय सूची

विषय	पेज नं.
परिचय	३
लक्ष्य	३
उद्देश्यहरु	३
पाठ्यक्रमको विवरण	३
तालीम अवधि	३
लक्षित समूह	३
प्रशिक्षार्थी संख्या	३
प्रशिक्षण-भाषा	३
प्रशिक्षार्थी-उपस्थिति	३
प्रवेश-मापदण्ड	३
प्रमाण-पत्र	४
प्रशिक्षकको योग्यता	४
प्रशिक्षक-प्रशिक्षार्थी अनुपात	४
(ग) सीप-तालीमको लागि सुझाव	४
(घ) अन्य सुझावहरु	४
पाठ्य संरचना	५
मोड्यूलहरु	६
बिस्तृत पाठ्क्रम	७
मोड्यूल : १ : पेशा सम्बन्धी परिचय	७
मोड्यूल : २ : पूर्व तयारी	९
मोड्यूल : ३ : पोते, मोति र क्रिष्टलका माला तयारी	१५
मोड्यूल : ४ : पोते मोति र क्रिष्टलका गहना निर्माण	२७
मोड्यूल : ५ : पोते, मोति र क्रिष्टलका ब्याग तयारी	४३
मोड्यूल : ६ : फिनिसिङ्ग	४९
मोड्युल : ७ : व्यावसायिकता विकास तथा संचार	५६
मोड्यूलः ८ : उद्यमशिलता विकास	५७
सामान्य गुणस्तर सूचक	५९
औजार तथा उपयोग हुने सामग्रीहरू	६३

परिचय

यो **"पोते, मोति र क्रिष्टलका सामग्री निर्माणकता"** विषयको छोटो अवधीको सीपमा आधारित पाठ्यक्रम हो । यो क्रिष्टल, मोति तथा पोतेबाट गर गहना तथा सामग्री तयारी सम्बन्धी सीप र ज्ञानयुक्त निम्नस्तरीय जनशक्ति उत्पादन गर्न तयार गरिएको सीपमा आधारित पाठ्यक्रम हो । प्रशिक्षार्थीहरुले यो पाठ्यक्रमको आधारमा सीप सिकेपछि सम्बन्धित व्यवसायमा स्वरोजगार हुन सक्नेछन् ।

लक्ष्य

क्रिष्टल, मोति तथा पोतेबाट गर गहना तथा ब्याग बनाउने सीप र ज्ञानयुक्त भई नेपाली जन-समुदायमा क्रिष्टल, मोति तथा पोतेबाट गरगहना तथा सौंदर्य एवं आभुषणका सामग्रीहरु तयार गरी सेवा दिन सक्ने जनशक्ति उत्पादन गर्ने

उद्देश्यहरु

यो तालीम कार्यक्रम सम्पन्न भइसकेपछि प्रशिक्षार्थीहरुले निम्न उद्देश्यहरु पूरा गर्न सक्षम हुनेछन्

- क्रिष्टलबाट बिभिन्न प्रकारका गरगहना तथा सौंदर्य सामग्रीतयार गर्न
- मोतिबाट बिभिन्न प्रकारका गरगहना तथा सौंदर्य सामग्रीतयार गर्न
- पातेबाट बिभिन्न प्रकारका गरगहना तथा सौंदर्य सामग्रीतयार गर्न ।

पाठ्यक्रमको विवरण

यस पाठ्यक्रमले क्रिष्टल, मोति तथा पोतेका सामग्री निर्माणकर्ताको लागि आवश्यक सीप र ज्ञान प्रदान गर्दछ । यस पाठ्यक्रममा आधारित तालीम कार्यक्रमले एकातर्फ प्रशिक्षकहरुलाई पाठ्यक्रममा समावेश भएका सीप तथा ज्ञानलाई प्रदर्शन गर्न तथा सिकांउँन र अर्को तर्फ प्रशिक्षार्थीहरुलाई अभ्यास गर्न तथा सिक्न प्रचुर मौका दिन्छ । यस तालीम कार्यक्रममा प्रशिक्षार्थीहरुले पाठ्यक्रममा समावेश गरिएका ज्ञान र सीपहरु सिक्नका लागि आवश्यक औजार, उपकरण तथा सामग्रीहरु प्रयोग गरी उक्त ज्ञान र सीपहरु अभ्यास गर्ने र सिक्नेछन ।

यस कार्यक्रममा क्रिष्टल, मोति तथा पोतेबाट बन्ने गर गहना तथा आभुषणको परिचय, पूर्व तयारी, माला बनाउने, गर गहना बनाउने, ब्याग बनाउने तथा फिनिसिङ्गसँग सम्बन्धित ज्ञान र सीपहरु समावेश गरिएका छन् ।

तालीम अबधि

- २२५ घण्टा ।

लक्षित समूह

- साक्षर
- सम्बन्धित क्षेत्रको लक्षित समूहका व्यक्तिहरु ।

प्रशिक्षार्थी संख्या

- अधिकतम २० जना ।

प्रशिक्षण-भाषा

- नेपाली ।

प्रशिक्षार्थी-उपस्थिति

- सैद्वान्तिक: ८० प्रतिशत ।
- ब्यावहारिक(प्रयोगात्मक): ९० प्रतिशत ।

प्रवेश-मापदण्ड

- साधारण लेखपढ गर्न सक्ने ।

प्रमाण-पत्र

यो तालीमसफलतापूर्वकसम्पन्न गर्ने प्रशिक्षार्थीहरुलाई सम्बन्धित तालीम दिने संस्थाले **"पोते, मोति र क्रिष्टलका सामग्री निर्माणकर्ता"** को प्रमाणपत्र प्रदान गर्नेछ ।

प्रशिक्षकको योग्यता

- सम्बन्धित व्यावसायमा कम्तिमा १ बर्षको अनुभव ।

प्रशिक्षक-प्रशिक्षार्थी अनुपात

- प्रयोगात्मक कक्षा: १ : १०
- सैद्धान्तिक कक्षा : कक्षा कोठाको अवस्थानुसार ।

तालीम संचालन गर्न आवश्यक भौतिक पूर्वाधार (भवन तथा कोठाहरू):

क. कार्यालय कोठा	–	१ वटा
ख. कक्षा कोठा २० जना अट्ने (कम्तीमा प्रति प्रशिक्षार्थी १ वर्गफिट स्थानको हिसाबले २० वर्ग फिटको कक्षा कोठा हुनुपर्नेछ । कक्षा कोठामा पर्याप्त प्रकाश तथा हावाको व्यवस्था हुनुपर्नेछ ।)	–	१ वटा
ग. आगन्तुक कक्ष	-	१ वटा
घ. प्रशिक्षक तयारी कक्षा	-	१ वटा
ङ. आवश्यक सामग्री एवं सर सामान राख्ने तथा दिने/लिने (स्टोर) कोठा	-	१ वटा

(ग) सीप-तालीमको लागि सुझाब

१. कार्यसम्पादन प्रदर्शन गर्ने
   - कार्यसम्पादन स्वाभाविक गतिमा प्रदर्शन गर्ने ।
   - क्रमानुसार कार्यसम्पादन कदमक्रमहरु मन्द गतिमा मौखिक बर्णन गर्दै प्रश्नोत्तर बिधि अपनाएर प्रत्येक कार्यसम्पादन कदमक्रमहरुलाई प्रशिक्षार्थी समक्ष प्रदर्शन गर्ने ।
   - आवश्यकतानुसार दोहोर्‌याउने वा तेहेर्‌याउने ।
   - अन्तिम पटक कार्यसम्पादन प्रदर्शन गर्ने ।

२. प्रदर्शित कार्यसम्पादन अभ्यास गर्न प्रशिक्षार्थीहरुलाई यथेष्ट मौका दिने
   - प्रशिक्षार्थीहरुलाई पथप्रदर्शीत अभ्यास (गाईडेड प्राक्टिस) गराउने ।
   - कार्य अभ्यासको क्रममा प्रशिक्षार्थीहरुलाई कदम कदममा सहयोग वा पथप्रदर्शन (गाईड) गर्ने ।
   - कार्य संपादन गर्न निपूर्ण हुनका लागि प्रशिक्षार्थीहरुलाई दोहोर्‌याउने वा पुनः दोहोर्‌याउने मौका प्रदान गर्ने
   - दिईएको कार्य संपादन गर्न प्रशिक्षार्थीहरु निपूर्ण भएपछिमात्र प्रशिक्षकले अर्को कार्यसंपादन प्रदर्शन गर्ने ।

(घ) अन्य सुझाबहरु

१. सीप तालीमका सिद्धान्तहरु प्रयोग गर्ने ।
२. प्रशिक्षण गर्दा २० प्रतिशत समय सैद्धान्तिक र ८० प्रतिशत समय प्रयोगात्मक कक्षामा प्रयोग गर्ने आवश्यक सिकाईका सिद्धान्तहरु प्रयोग गर्ने
३. आन्तरिक अभिप्रेरणाका सिद्धान्तहरु प्रयोग गर्ने

पाठ्य संरचना

सि.नं.	मोड्युल	प्रकृति	समय (घण्टा)		
			सैद्धान्तिक	प्रयोगात्मक	जम्मा
१	पेशा सम्बन्धी परिचय	सै.	५		५
२	पूर्व तयारी	सै. + प्र.	१	४	५
३	पोते, मोति र क्रिष्टलका माला तयारी	सै. + प्र.	२	४८	५०
४	पोते, मोति रक्रिष्टलका गहना निर्माण	सै. + प्र.	४	४६	५०
५	पोते, मोति र क्रिष्टलका ब्याग तयारी	सै. + प्र.	५	५५	६०
६	फिनिसिङ्ग	सै. + प्र.	२	८	१०
७	व्यावसायिकता विकास तथा संचार	सै. + प्र.	१	४	५
८	उद्यमशीलता विकास	सै. + प्र.	१८	२२	४०
जम्मा		**जम्मा**	**३८**	**१८७**	**२२५**

सै= सैद्वान्तिक/प्र= प्रयोगात्मक

मोड्यूलहरु

मोड्यूल : १ पेशा सम्बन्धी परिचय

मोड्यूल : २ पूर्व तयारी

मोड्यूल : ३ पोते, मोति र क्रिष्टलका माला तयारी

मोड्यूल : ४ मोति, पोते र क्रिष्टलका गहना निर्माण

मोड्यूल : ५ ब्याग तयारी

मोड्यूल : ६ फिनिसिङ्ग

मोड्यूल : ७ व्यावसायिकता विकास तथा संचार

मोड्यूल : ८ उद्यमशिलता विकास

बिस्तृत पाठ्क्रम

मोड्यूल : १ : पेशा सम्बन्धी परिचय

समय : ५ घण्टा (सै) + घण्टा (ब्या) = ५ घण्टा

बर्णन (Description): यसमा पोते, मोति र क्रिष्टलका गहना तथा सामग्रीको निर्माणसंगसम्बधित आधारभूत ज्ञान समावेश गरिएका छन् ।

उद्वेश्यहरु(Objectives) :

- पोते, मोति रक्रिष्टलसंग परिचित हुन ।
- व्यावहारिक हिसाब किताब राख्न।
- सुरक्षा, सावधानीका उपायहरु अपनाउन ।
- यसबाट निर्माण हुने सर सामानहरुको उपयोगिता थाहा पाउने ।

पाठ्यांश (Contents) :

१. पेशाको परिचय र महत्व
२. क्रिष्टल, मोति र पोतेको परिचय
   - पोतेबाट बन्ने गरगहना तथा सामानहरुको परिचय
   - मोतिबाट बन्ने गरगहना तथा सामानहरुको परिचय
   - क्रिष्टलबाट बन्ने गरगहना तथा सामानहरुको परिचय
   - क्रिष्टल ब्यागको परिचय

२. व्यावहारिक गणित
   - नाप तथा एकाई
   - आय व्यय सम्वन्धी हिसाव

३. सुरक्षा सावधानी
   - सुरक्षाको परिचय, आवश्यकता
   - सुरक्षाका नियमहरु

कार्य विश्लेषण(Task Analysis)

पूर्व तयारी

मोड्यूल : २ : पूर्व तयारी

समय : १ घण्टा (सै) + ४ घण्टा (प्र) = ५ घण्टा

बर्णन (Description) : यसमा क्रिष्टल, मोति र पोतेका गहना एवं आभुषण तथा सामग्रीनिर्माण गर्दा अपनाउनु पर्ने पूर्व तयारीका कार्यसंगसम्बधित ज्ञान र सीपहरु समावेश गरिएका छन् ।

उद्देश्य (Objective) :

- पूर्व तयारी गर्ने ।

कार्यहरु(Tasks) :

१. सियोमा धागो उन्ने ।
२. धागो गांठो पार्ने ।
३. फाईनल लक गर्ने ।
४. लागत अनुमान गर्ने ।

कार्यविश्लेषण (Task Analysis)

कुल समय : १ घण्टा
सैद्धान्तिक: १५ मि.
प्रयोगात्मक : ४५ मि.

कार्य (Task): १. सियोमा धागो उन्ने ।

कार्य चरणहरु (Steps)	अन्तिमकार्यसम्पादन उद्धेश्य (Terminal performance objective)	सम्बन्धितप्राबिधिक ज्ञान (Related technical knowledge)
१. आवश्यक नम्बरको सियो लिने । २. धागो छनौट गर्ने । ३. आवश्यक भएमा घागोको टुप्पोलाई कैचीले काट्ने । ४. काटेको धागोको टुप्पोलाई बटारेर तिखो बनाई सियोमा उन्ने । ५. नाईलनको धागो भएमा धागोको एक छेउलाई हल्का आगोमा पोलि तन्काएर सियोमा उन्ने । ६. सुति धागो भएमा बटारेर सियोमा उन्ने ।	**दिईएको(Given)** कार्य आदेश, निर्देशन । **कार्य(Task):** सियोमा धागो उन्ने । **मापदण्ड (Standard):** सियोमा धागो बिना कठिनाईहालेको ।	• सियोमा धागो राख्ने तरिका • बिभिन्न नम्बरका सियो बारे जानकारी • धागोको प्रकार

औजार,उपकरण र सामाग्रीहरु (Tools, Equipment and Materials):

- सियो, धागो, लाईटर, कैंची ।

सुरक्षा/साबधानीहरु (Safety/Precautions):

- धागो काट्दा, पोल्दा वा बटार्दा सावधानी अपनाउनु पर्ने ।
- सियोमा धागो उन्दा सावधानी अपनाउन पर्ने ।

कार्यविश्लेषण (Task Analysis)

कुल समय : १ घण्टा
सैद्धान्तिक : १५ मि.
प्रयोगात्मक : ४५ मि.

कार्य (Task): २. धागो गाठो पार्ने ।

कार्य चरणहरु (Steps)	अन्तिमकार्यसम्पादन उद्धेश्य (Terminal performance objective)	सम्बन्धितप्राबिधिक ज्ञान (Related technical knowledge)
१. धागो उनेको सियो लिने । २. आवश्यकता अनुसारको धागोको लम्बाई निश्चित गर्ने । ३. धागो सिङ्गल वा डबल कुन बनाउने भन्ने निश्चित गर्ने । ४. आवश्यक लम्बाइमा धागो काट्ने । ५. उनिएको धागोमा एउटा पोते उन्ने । ६. सिंगल लकको लागि उनिएको पोतेमा पछाडिबाट एकपटक सियो उनेर गाठो (लक) पार्ने । ७. डबल लक गर्ने भएमा दुईपटक सियो उन्ने ।	**दिईएको(Given)** कार्य आदेश, निर्देशन **कार्य(Task):** धागो गाठो पार्ने । **मापदण्ड (Standard):** धागो नफुस्किने गरी गांठो पारेको ।	• गाठो पार्ने तरिका • गाठोका प्रकार • गाठो पार्दा ध्यान दिनुपर्ने कुराहरु

औजार,उपकरण र सामाग्रीहरु(Tools, Equipment and Materials):

- सियो, धागो, लाईटर, कैंचि ।

सुरक्षा/साबधानीहरु (Safety/Precautions):

- धागो पोल्दा वा बटार्दा सावधानी अपनाउन पर्ने ।
- सियोमा धागो उन्दा सावधानि अपनाउन पर्ने ।
- गाठो पार्दा सावधानी अपनाउन पर्ने ।

कार्यविश्लेषण (Task Analysis)

कुल समय : १ घण्टा
सैद्धान्तिक : १५ मि.
प्रयोगात्मक : ४५ मि.

कार्य (Task): ३. फाईनल लक गर्ने ।

कार्य चरणहरु (Steps)	अन्तिमकार्यसम्पादन उद्धेश्य (Terminal performance objective)	सम्बन्धितप्राबिधिक ज्ञान (Related technical knowledge)
१. उनिएको सामग्री लिने । २. लुङ्ग माला भए जोडको अन्तिममा गई एक पटक धागो घुमाई लक गर्ने ३. क्रमसः ३/४ पटक, ४ वा ५ वटा पोतेको फरकमा लक गर्ने । ४. हुक जोड्ने माला वा अरु सामाग्री भए हुकमा वा जोडाईमा ३/४ पटक लक गर्ने । ५. बढि भएको धागो काट्ने ।	**दिईएको(Given)** कार्य आदेश, निर्देशन **कार्य(Task):** फाईनल लक गर्ने । **मापदण्ड (Standard):** मालाको क्रिष्टल/मोति/पोतेको गेडा नचुडिने गरी फाईनल लक गरेको ।	● गाठो पार्ने तरिका ● ध्यान दिनुपर्ने कुराहरु

औजार, उपकरण र सामाग्रीहरु (Tools, Equipment and Materials):

- सियो, धागो, लाईटर, कैंचि, हुक ।

सुरक्षा/साबधानीहरु (Safety/Precautions):

- धागो पोल्दा वा बटार्दा सावधानी अपनाउन पर्ने ।
- सियोमा धागो उन्दा सावधानि अपनाउन पर्ने ।
- गाठो पार्दा सावधानी अपनाउन पर्ने ।
- अन्तिम लक गर्दा सावधानि अपनाउन पर्ने ।

कार्य विश्लेषण (Task Analysis)

कुल समय : २ घण्टा
सैद्धान्तिक : १५ मि.
प्रयोगात्मक : १.४५ मि.

कार्य(Task): ४. लागत अनुमान गर्ने ।

कार्य चरणहरु (Steps)	अन्तिमकार्यसम्पादन उद्धेश्य (Terminal performance objective)	सम्बन्धितप्राबिधिक ज्ञान (Related technical knowledge)
१. कापी कलम लिने । २. आफुलाई चाहिने सामग्रीको लिष्ट तयार गर्ने । ३. कुन सामाग्रीको कति रकम पर्छ त्यो पनि टिप्दै जाने । ४. अन्तिम सामाग्री तयार गर्दा सम्म लाग्ने खर्चहरु जाड्ने । ५. सामग्री तयार गर्दा लाग्ने ज्याला अनुमान गर्ने । ६. नाफा कति राख्ने एकिन गर्ने । ७. कुल लागत र नाफा जोडेर सामग्रीको बिक्रि मुल्य निर्धारण गर्ने ।	**दिईएको(Given)** कार्य आदेश, निर्देशन **कार्य(Task):** लागत अनुमान गर्ने । **मापदण्ड (Standard):** लिष्ट अनुसारको सामानको संख्या हेरी अनुमानित लागत निकालेको ।	• सामाग्रीको लिष्ट • लागत अनुमान गर्ने तरिका • नाफा नोक्सान

औजार,उपकरण र सामाग्रीहरु (Tools, Equipment and Materials):

- कापी, कलम ।

सुरक्षा/साबधानीहरु (Safety/Precautions):

- सामाग्रीको बारेमा राम्रो जानकारी राख्ने ।
- बजार भाउको बारेमा जानकारी राख्ने ।
- आवश्यक परिमाणको जानकारी राख्ने ।

कार्य विश्लेषण(Task Analysis)

पोते, मोति र क्रिष्टलका माला तयारी

मोड्यूल : ३ : पोते, मोति र क्रिष्टलका माला तयारी

समय : २ घण्टा १५ मिनेट (सै) + ४७ घण्टा ४५ मिनेट (प्र) = ५० घण्टा

बर्णन (Description) : यसमा क्रिष्टल, मोति र पोतेबाट श्रृगारका मालाहरु बनाउने कार्यसंग सम्बधित ज्ञान र सीपहरु समावेश गरिएका छन् ।

उद्देश्य (Objective) :

- पोते, मोति क्रिष्टलका माला बनाउने ।

कार्यहरु (Tasks) :

१. सिंङ्गल लुङ पोते बुन्ने ।
२. डबल लुङ पोते बुन्ने ।
३. झुप्पा माला बनाउने ।
४. नौ गेडी माला बनाउने ।
५. दाना माला बनाउने ।
६. अंगुर माला बनाउने ।
७. लाली गुराँस माला बनाउने ।
८. ईंटा माला बनाउने ।
९. तिलहरी माला बनाउने ।

कार्य विश्लेषण (Task Analysis)

कुल समय : ३ घण्टा
सैद्धान्तिक : १५ मिनेट
प्रयोगात्मक : २ घण्टा ४५ मिनेट

कार्य (Task): १. सिङ्गल लुङ्ग पोते बुन्ने ।

कार्य चरणहरु (Steps)	अन्तिम कार्यसम्पादन उद्धेश्य (Terminal performance objective)	सम्बन्धित प्राबिधिक ज्ञान (Related technical knowledge)
१. सियो लिने । २. सियोमा आवश्यकता अनुसारको धागो उन्ने। ३. धागोमा गाठो पार्ने। ४. नाइलनको धागो भएमा धागोलाई हल्का आगोमा पोलेर धागोलाई मिलाउने । ५. धागोमा एउटा पोते उन्ने र लक गर्ने। ६. आफुलाई मन परेको पोते लिदै उन्दै जाने ७. आफुलाई आवश्कता अनुसारको लम्बाईमा माला बनाउने । ८. मालाको लम्बाई पुगेपछि पछि माला जोड्ने, ९. माला जोड्दा सुरुको पोतेमा सियो छिराएर लक गर्ने, ४,५ वटा पोतेको बिच बिचमा लक गर्ने । १०. धागो काट्ने।	**दिईएको (Given)** सिङ्गल लुङ्ग पोतेको नमुना । **कार्य (Task):** सिङ्गल लुङ्ग पोते बुन्ने । **मापदण्ड (Standard):** ● शुरुमा एउटा पोते धागोमा उन्नेर लक गर्ने गरेको । ● प्रत्येक ४/५ वटा पोतेको फरकमा लक गरी पोते नफुस्किने गरी माला बुनेको ।	● सियोमा धागो उन्ने तरिका । ● धागो गाठो पार्ने तरिका । ● पोते उन्ने तरिका । ● लक गर्ने तरिका । ● फिनीसिङ्ग गर्दा ध्यान दिनु पर्ने कुरा

औजार, उपकरण र सामाग्रीहरु (Tools, Equipment and Materials):

- सियो, धागो, पोते, कैची, मैनबत्ति ।

सुरक्षा/साबधानीहरु (Safety/Precautions):

- सियोले घोच्न बाट बच्ने ।
- धागो टुट्न सक्छ पोते उन्दा सावधानि अपनाउने ।
- पोते छनौटमा ध्यान दिने ।
- धागो पोल्दा वा काट्दा सवधानि अपनाउने ।

कार्य विश्लेषण (Task Analysis)

कुल समय : ४ घण्टा
सैद्धान्तिक : १५ मि.
प्रयोगात्मक : ३ घण्टा ४५ मि.

कार्य (Task): २. डबल लुङ्ग पोते बुन्ने ।

कार्य चरणहरु (Steps)	अन्तिम कार्यसम्पादन उद्धेश्य (Terminal performance objective)	सम्बन्धित प्राबिधिक ज्ञान (Related technical knowledge)
१. सियो लिने। २. सियोमा आवश्यकता अनुसारको धागो उन्ने । ३. धागोमा गाठो पार्ने । ४. नाइलनको धागो भएमा धागोलाई हल्का आगोमा पोलेर धागोलाई मिलाउने । ५. धागोमा एउटा पोते उन्ने र लक गर्ने। ६. आफुलाई मन परेको पोते लिने र ३० देखी ३५ वटा उन्दै जाने । ७. एउटा छुट्टै कलरको वा अलि ठुलो पोते उन्ने ८. फेरी ३० देखी ३५ वटा पोते उन्दै जाने । ९. आफुलाई आवश्यकता अनुसारको लम्बाईमा माला लम्ब्याउने । १०. मालाको लम्बाई पुगेपछि सुरुको पोतेमा माला जोड्ने ११. माला जोड्दा सुरुको पोतेमा सियो छिराएर लक गर्ने, १२. ४, ५ वटा पोतेको बिच बिचमा लक गर्ने । १३. यतिवेला सिङ्गल लुङ्ग पोते तयार भएको हुन्छ १४. अब फेरी ३० देखी ३५ वटा उनेर अघिको ठुलो पोते वा छुट्टै कलरको पोतेमा सियो छिराउने । १५. यसरी नै अगाडी बड्दै गई अन्तिममा लक गर्ने। १६. माला जोड्दा सुरुको पोतेमा सियो छिराएर लक गर्ने, ४।५ वटा पोतेको बिच बिचमा लक गरेर धागो काट्ने।	**<u>दिईएको (Given)</u>** डबल लुङ्ग पोतेको मालाको नमुना । **<u>कार्य (Task):</u>** डबल लुङ्ग पोते बुन्ने । **<u>मापदण्ड (Standard):</u>** सिंगल लुङ्गको दुइवटा माला बनाई ४/५ वटा पोतेको बीचमा लक गरी डबल लुङ्ग पोते बनाएको ।	• सियोमा धागो उन्ने तरिका । • धागो गांठो पार्दा ध्यान दिनु पर्ने कुरा । • पोते उन्ने तरिका । • लक गर्ने तरिका । • फिनीसिङ्ग गर्दा ध्यान दिनु पर्ने कुरा ।

औजार, उपकरण र सामाग्रीहरु (Tools, Equipment and Materials):
सियो, धागो, पोते, कैची, मैन बत्ति ।

सुरक्षा/साबधानीहरु (Safety/Precautions):

- सियो छनौटमा सावधानी अपनाउने ।
- सियोले घोच्न बाट बच्ने ।
- पोते छनौटमा सावधानी अपनाउने ।
- लक गरी धागो काट्दा सावधानी अपनाउने ।

कार्य विश्लेषण (Task Analysis)

कुल समय : ५ घण्टा
सैद्धान्तिक : १५ मि.
प्रयोगात्मक : ४ घण्टा ४५ मि.

कार्य (Task): ३. झुप्पा माला बनाउने ।

कार्य चरणहरु (Steps)	अन्तिम कार्यसम्पादन उद्धेश्य (Terminal performance objective)	सम्बन्धित प्राबिधिक ज्ञान (Related technical knowledge)
१. सियो लिने। २. सियोमा आवश्यकता अनुसारको धागो उन्ने। ३. धागोमा गाठो पार्ने। ४. नाइलनको धागो भएमा धागोलाई हल्का आगोमा पोलेर धागोलाई मिलाउने । ५. धागोमा एउटा मोती उन्ने र लक गर्ने। ६. ४, ५ वटा आफुलाई मन परेको पोते लिई मोती लाई पोतेले भर्ने । ७. पोतेले भरेको मोतीमा सियो धागो उनी आफुलाई कत्रो झुप्पा बनाउन मन छ त्यही अनुसारले १० वा १२ वटा पोते लिई जहाँ बाट धागो निस्केको छ त्यहि पोतेमा सियो उन्ने । ८. यसै गरी सबै मोतीका पोतेहरुमा १० वा १२ वटा पोतेहरुले भरेर झुप्पा तयार गर्ने । ९. झुप्पाको एक छेउबाट लुङ्ग बनाई अर्को छेउमा लगेर जोड्ने । १०. छोटो झुप्पाको लागि दुबै साइडमा लक राख्ने	**दिईएको (Given)** झुप्पा मालाको नमुना । **कार्य (Task):** झुप्पा माला तयार गर्ने । **मापदण्ड (Standard):** धागो काट्दा र पोल्दा सावधानी अपनाउने ।	• मोतीमा पोते भर्ने तरिका • झुप्पा तयार गर्ने तरिका । • लक गर्ने तरिका • फिनीसिङ्ग गर्ने तरिका

औजार, उपकरण र सामाग्रीहरु (Tools, Equipment and Materials):
सियो, धागो, पोते, कैची, मैन बत्ति, मोती ।

सुरक्षा/साबधानीहरु (Safety/Precautions):

- सियोले घोच्नबाट बच्ने ।
- सियो छनौटमा सावधानी
- सियोमा पोते उन्दा सावधानी
- झुप्पा बनाउदा सावधानी
- र लक गरी धागो काट्दा सावधानी

कार्य विश्लेषण (Task Analysis)

कुल समय : ५ घण्टा
सैद्धान्तिक : १५ मि.
प्रयोगात्मक : ४ घण्टा ४५ मि.

कार्य (Task): ४. नौ गेडी माला बनाउने ।

कार्य चरणहरु (Steps)	अन्तिम कार्यसम्पादन उद्धेश्य (Terminal performance objective)	सम्बन्धित प्राबिधिक ज्ञान (Related technical knowledge)
१. सियो लिने। २. सियोमा आवश्यकता अनुसारको धागो उन्ने ३. धागोमा गाठो पार्ने। ४. नाइलनको धागो भएमा धागोलाई हल्का आगोमा पोलेर धागोलाई मिलाउने । ५. धागोमा एउटा मोती उन्ने र लक गर्ने। ६. ४।५ वटा पहेलो पोते लिई मोती लाई पहेलो पोतेले भर्ने । ७. यसरी ९ वटा मोतिका दानामा पोते भरेर तयार गर्ने । ८. अब सियोमा आवश्यकता अनुसारको धागो उन्ने र एउटा हरियो पोते लिएर लक गरि ५० वटा पोते उन्ने । ९. अब एउटा भरेको मोती लिई बलियो गरी लक गर्ने । १०. अब फेरी ५०, ५० वटा पोते लिई भरेको ९ वटै मोतीहरु उन्दै जाने । ११. अन्तिममा लक गरी धागो काट्ने ।	**<u>दिईएको (Given)</u>** नौ गेडी मालाको नमुना। **<u>कार्य (Task):</u>** नौ गेडी माला तयार गर्ने । **<u>मापदण्ड (Standard):</u>** • दिएको नमूना अनुसारको नौ गेडी माला तयार गरेको ।	• सियोमा धागो उन्ने तरिका । • धागो गाठो पार्ने तरिका । • मोतिमा पोते उन्ने तरिका । • लक गर्ने तरिका । • फिनीसिङ्ग गर्दा ध्यान दिनु पर्ने कुरा

औजार, उपकरण र सामाग्रीहरु (Tools, Equipment and Materials):

९ वटा मोती, धागो, पोते, कैची, मैन बत्ति ।

सुरक्षा/साबधानीहरु (Safety/Precautions):

- सियोले घोच्न बाट बच्ने।
- धागो काट्दा सावधानी अपनाउने ।
- भाचिएकको सियोलाई सुरक्षित तरीकाले राख्ने ।

कार्य विश्लेषण (Task Analysis)

कुल समय : ६ घण्टा
सैद्धान्तिक : १५ मि.
प्रयोगात्मक : ५ घण्टा ४५ मि.

कार्य (Task): ५. दाना माला बनाउने ।

कार्य चरणहरु (Steps)	अन्तिम कार्यसम्पादन उद्धेश्य (Terminal performance objective)	सम्बन्धित प्राबिधिक ज्ञान (Related technical knowledge)
१. सियोमा धागो उन्ने र धागोमा गाठो पार्ने । २. ७ वटा मोती लिने । ३. रातो र हरीयो रङ्गको पातेले मोतीका दानाहरु लाई भर्ने । ४. भरीएको एउटा मोतीको दानालाई बिचमा पारी अरु ६ वटा दानाहरु र सियो धागोको सहायताले घेरेर गोलो बनाउने । ५. गोलो बनाउदा धागो देखिने भएमा धागो देखिने ठाउमा पोते उनेर धागो छोप्ने। ६. लक लिने र धागोमा लक जोड्ने । ७. अब १५वटा हरीयो पोते लिने अनि १५ वटा रातो गरी आधा साईटको माला बनाई अघि बनाएको गोलोमा लगेर जोड्ने । ८. गोलोबाट १५/१५ वटा पोते लिदै हुकमा लगी जोड्ने ९. ३।४ लुङ्ग बनाएर साईटको माला तयार गर्ने । १०. माथिकै प्रक्रिया दोहोऱ्याएर अर्को साईटको पनि तयार गर्ने । ११. मालालाई आकर्षक बनाउन झुम्का राख्ने। १२. झुम्का बनाउन गोलो मालाको बिचमा सियो धागो उनेर ५ वटा रातो ५ वटा हरीयो र ३ वटा रातो पोते उनेर माथिल्लो ३ वटा रातो पोते छोडी ५ वटा रातो ५ वटा हरीयोमा सियो छिराउने । १३. साइट साइटमा पनि यो भन्दा छोटा छोटा ४ वटा झुम्का बनाउने। १४. अन्तमा लक गरी धागो काट्ने ।	**दिईएको (Given)** दाना मालाको नमुना, अर्डर । **कार्य (Task):** दाना माला तयार गर्ने । **मापदण्ड (Standard):** • नमुना अनुसारको दाना माला बनाएको । • मालाको फिनिसिङ्ग राम्रो देखिएको ।	• मोतीमा पोते उनि गोलो बनाउने तरिका • हुक जोड्ने तरिका । • झुम्का राख्ने तरिका • फिनीसिङ्ग गर्दा ध्यान दिनु पर्ने कुरा

औजार, उपकरण र सामाग्रीहरु (Tools, Equipment and Materials):
हुक, मोती , पोते, सियो, धागो, कैची, मैन बत्ति

सुरक्षा/साबधानीहरु (Safety/Precautions):
सियोले घोच्न बाट बच्ने ।
मोती जोड्दा सावधानी अपनाउने ।
गोलो बनाउदा सियो टुट्ने भएकोले सावधानि अपनाउने ।
सियो भाचियमा सियो सुरक्षित ठाउमा राख्ने ।

कार्य विश्लेषण (Task Analysis)

कुल समय : ४ घण्टा
सैद्धान्तिक : १५ मि.
प्रयोगात्मक : ३ घण्टा ४५ मि.

कार्य (Task): ६. अंगुरमाला बनाउने ।

कार्य चरणहरु (Steps)	अन्तिम कार्यसम्पादन उद्धेश्य (Terminal performance objective)	सम्बन्धित प्राबिधिक ज्ञान (Related technical knowledge)
१. सियो लिएर धागो उन्ने र धागोमा गाठो पार्ने। २. ६ वटा मोती लिने । ३. हरीयो रङ्गको पातेले मोतीका दानाहरुलाई भर्ने । ४. भरीएको ३ वटा मोतीको दाना लाई सिधा पारी जोड्न ५. त्यसको तल २ वटा र अन्तिममा १ वटा मोती राखि अंगुरको झुप्पा जस्तो बनाई बलियो बनाउने । ६. साईडमा धागो देखिएमा धागो देखिएको भागमा पहेलो पोतेले छोप्ने । ७. अन्तिमको १ वटा भरेको मोतिबाट ३ देखि ५ वटा सम्म झुम्का निकालेर आकर्षक बनाउने । ८. झुम्का बनाउन मोतिको बिचबाट सियोधागो निकाली १० वटा हरियो पोते ३ वटा पहेलो पोते उन्ने । ९. पहेलो पोते छोडि हरियो १० वटैमा सियो उनेर अघिकै ठाउमा आउने । १०. एवं रितले अरु पनि झुम्का बनाई राम्रोसंग लक गर्ने ११. लुङ्ग बनाउन माथिल्लो मोतिको छेउमा सियो उन्ने । १२. सियोमा ६ वटा पहेलो पोते उनि ४ वटा छोडी अन्तिमको २ वटा टिप्ने । १३. २ वटा लिदै २ वटामा टिप्दै लुङ्ग तयार गर्ने । १४. नमुना अनुसारको साईजको लुङ्ग तयार भएपछि अर्को साईटको भरेको मोतिमा लागि लक गर्ने ।	**दिईएको (Given)** अंगुरमालाको नमुना । **कार्य (Task):** अंगुरमाला तयार गर्ने । **मापदण्ड (Standard):** ● धागो नदेखिने गरी पोतेले मोतीका दानाहरु भरेको । ● मालामा ३ देखि ५ वटा सम्मको पोतेका झुम्का निकालिएको । ● मालामा हरियो र पहेंलो रंगको पोते प्रयोग गरिएको ।	● सियोमा धागो उन्ने जानकारी ● धागोमा गाठो पार्ने तरीका । ● मोतिमा पोते उन्ने जानकारी ● लक बनाउने तरिका ● लुङ्ग बनाउने तरिका ● फिनीसिङ्ग गर्दा ध्यान दिनु पर्ने कुरा

औजार, उपकरण र सामाग्रीहरु (Tools, Equipment and Materials):
सियो, धागो, पहेलो र हरियो पोते, मोति, कैंचि ।

सुरक्षा/साबधानीहरु (Safety/Precautions):

- सियोले घोच्न बाट बच्ने ।
- सियो भाचियमा सियो सुरक्षित ठाउमा राख्ने ।

कार्य विश्लेषण (Task Analysis)

कुल समय : १५ घण्टा
सैद्धान्तिक : १५ मि.
प्रयोगात्मक : १४ घण्टा ४५ मि.

कार्य (Task): ७. लालिगुरांस माला बनाउने ।

कार्य चरणहरु (Steps)	अन्तिम कार्यसम्पादन उद्धेश्य (Terminal performance objective)	सम्बन्धित प्राबिधिक ज्ञान (Related technical knowledge)
१. सियो, धागो, रातो, हरियो र पहेलो पोते लिने । २. सियोमा धागो उनेर एउटा हरियो पोतेमा लक गरी अरु १४ वटा हरियो पोते सरसर्ति उन्ने । ३. ३ वटा पहेलो पोते सियोमा उन्ने पहेलो पोते र एउटा हरियो लाई छोडी एउटा हरियो पोतेमा टिप्ने । ४. सियोमा एउटा हरियो पोते लिदै एउटा छोड्दै अर्कोमा टिप्दै अन्तिम सम्म आउने । ५. अन्तिमबाट पहेलो पोते नलिएर सियो र धागोले मात्र एउटा हरियो पोते टिप्ने । ६. एउटा हरियो पोते लिदै एउटा छोड्दै एउटा टिप्दै जाने । ७. यसरी एक साईटबाट पहेलो पोते लिई अर्को साईटबाट नलिई एउटा हरियो पोते लिदै एउटा छोड्दै एउटा टिप्दै गरेपछि आधा पातको भाग तयार गर्ने । ८. यसरी नै अर्को आधा भाग पनि तयार गर्ने ।(यति बेला सम्म एउटा पात तयार हुन्छ अब अर्को पात पनि यसरी नै तयार गर्ने ।) ९. तयार भएको २ वटा पातलाई सियो र धागोको सहायताले जोड्ने । १०. एउटा मेटल जालि लिई जालिमा सियो धागो लक गरी जालिको बिचमा आएर १० वटा रातो पोते लिई जुन प्वालबाट सियो निस्केको छ त्यसैमा उनेर फूल बनाउने । ११. फेरी अर्को प्वालबाट सियो निकाली १० वटा रातो पोते लिदै पुरै मेटल जाली भर्ने । १२. त्यो जालिलाई पुनः त्यसै गरि डबल भर्ने । १३. पुरै जालि भरेर लालिगुरांस फूलको आकार बनाउने ।	**दिईएको (Given)** लालिगुरास मालाको नमुना, मेटल जाली । **कार्य (Task):** लालिगुरास माला तयार गर्ने । **मापदण्ड (Standard):** नमुना अनुसारको फिनिसिङ्ग भएको माला तयार गरेको ।	• लालिगुरास फुल बनाउने ज्ञान • लुङ्ग तयार गर्ने तरिका • पाते र माला जोड्ने तरिका • मालाको लुङ्ग जोड्ने तरिका • फिनीसिङ्ग गर्दा ध्यान दिनु पर्ने कुरा

१४. फूललाई सियो र धागोको सहायताले पातमा जोडेर फूल र पात तयार गर्ने । १५. फुल वा पातको साईटबाट सियो धागो निकाली सियोमा ५ वटा पहेलो पोते उनेर फूल वा पातको साईटको पोतेमा टिप्ने र फेरी ५ वटा पहेलो पोते लिई ३ नम्वरको पहेलो पोतेमा टिप्ने । १६. यसै गरी माला लुङ्ग तयार गर्ने र अर्को साईटमा लगि राम्रोसंग लक गरी धागो काट्ने		

औजार, उपकरण र सामाग्रीहरु (Tools, Equipment and Materials):
सियो, धागो, पोते, मेटल जालि, कैचि, मैन।

सुरक्षा/साबधानीहरु (Safety/Precautions):

- सियो टुट्न सक्छ सियो चलाउदा सावधानिपुर्वक चलाउने
- टुटेको सियोलाई व्यवश्थित तरिकाले राख्ने ।

कार्य विश्लेषण (Task Analysis)

कुल समय : ४ घण्टा
सैद्धान्तिक : १५ मि.
प्रयोगात्मक : ३ घण्टा ४५ मि

कार्य (Task): ८. ईटा माला बनाउने ।

कार्य चरणहरु (Steps)	अन्तिम कार्यसम्पादन उद्धेश्य (Terminal performance objective)	सम्बन्धित प्राबिधिक ज्ञान (Related technical knowledge)
१. सियो लिने । २. सियोमा धागो उन्ने । ३. धागोमा गाठो पार्ने। ४. हरियो र पहेलो २ रङ्गको पोते लिने । ५. एउटा हरियो पोते लिइ धागोमा पोते लक गरी अरु १९ वटा हरियो पोते सरसर्ति उन्ने । ६. ६ वटा पहेलो पोते उन्ने । ७. अगाडीको ४ वटा छोडेर अन्तिमको २ वटा पोते टिप्ने । ८. फेरी २ वटा पहेलो पोते लिएर माथिको २ वटामा टिप्ने । ९. यसरी ईटा आकारको बुट्टा तयार गर्ने । १०. अब फेरी २० वटा हरियो पोते लिने र पहलो ६ वटा लिएर ईटा बुट्टा बनाउदै जाने । ११. आफुलाई आवश्यकता अनुसारको लम्बाई सम्म बनाई लक गरी धागो काट्ने ।	**दिईएको (Given)** ईटा मालाको नमुना । **कार्य (Task):** ईटा माला तयार गर्ने । **मापदण्ड (Standard):** ● माला बनाउदा टाईट भएको । ● धागो देखिन सक्छ बिचार पुऱ्याउने हरियो र पहेंलो पोते प्रयोग गरिएको । ● मालाको बीचमा धागो नदेखिएको ।	● सियोमा धागो उन्ने जानकारी ● धागोमा गाठो पार्ने तरिका । ● लक बनाउने तरिका । ● फिनीसिङ्ग गर्दा ध्यान दिनु पर्ने कुरा

औजार, उपकरण र सामाग्रीहरु (Tools, Equipment and Materials):
सियो, धागो, पोते, कैची, मैनबत्ति ।

सुरक्षा/साबधानीहरु (Safety/Precautions):

- सियोले घोच्न बाट बच्ने ।
- भाचिएको सियो लाई व्यबश्थित गर्ने ।

कार्य विश्लेषण (Task Analysis)

कुल समय : ४ घण्टा
सैद्धान्तिक : १५ मि.
प्रयोगात्मक : ३ घण्टा ४५ मि.

कार्य (Task): ९. तिलहरी माला बनाउने ।

कार्य चरणहरु (Steps)	अन्तिम कार्यसम्पादन उद्धेश्य (Terminal performance objective)	सम्बन्धित प्राबिधिक ज्ञान (Related technical knowledge)
१. सियो लिने । २. सियोमा धागो उन्ने र धागोमा गाठो पार्ने। ३. ५ वटा मोती लिने । ४. १ वटा मोतीलाई लक गरी पहेलो पोतेले भर्ने । ५. यसै गरी ५ वटै मोती भर्ने । ६. हुक लिने हुकमा धागो लक गर्ने । ७. आफुलाई मन परेको रङ्गको पोते लिई लुङ्ग बनाउने । ८. अब ५वटै भरेको मोती लाई उन्ने । ९. अर्को साईटमा पनि लुङ्ग बनाई हुक जोड्ने १०. आफ्नो ईच्छा अनुसार ६।७ वटा वा जतिलुङ्ग बनाउने । ११. अन्तमा लक गरी फिनिसिङ्ग गर्ने।	**दिईएको (Given)** तिलहरी मालाको नुमाना । **कार्य (Task):** तिलहरी माला तयार गर्ने । **मापदण्ड (Standard):** ● नमुना अनुसारको लुङ्गको संख्या र रंग भएको माला बनाएको । ● पहेलो पोतेले भरिएको मोती भएको माला बनाएको ।	● मोतीमा पोते भर्ने जानकारी ● हुक जोड्ने जानकारी ● लुङ्ग बनाउने तरिका ● तिलहरी माला तयार गर्ने तरिका ● ध्यान दिनुपर्ने कुराहरु

औजार, उपकरण र सामाग्रीहरु (Tools, Equipment and Materials):
हुक, मोती , पोते, सियो, धागो, कैची, मैनबत्ति ।

सुरक्षा/साबधानीहरु (Safety/Precautions):

- सियोले घोच्न बाट बच्ने ।
- मोती जोड्दा सियो भाचिन सक्छ सावधानि पुर्वक जोड्ने ।
- भाचिएको सियोलाई व्यवश्थित गर्ने ।

कार्य विश्लेषण(Task Analysis)

(पोते, मोति र क्रिष्टलका गहना निर्माण)

मोड्यूल : ४ : पोते मोति र क्रिष्टलका गहना निर्माण

समय : ४ घण्टा ३० मिनेट (सै) + ४४ घण्टा ३० मिनट (प्र) = ५० घण्टा

बर्णन (Description) : यसमा क्रिष्टल, मोति र पोतेबाट गरगहना बनाउने कार्यसंग सम्बधित ज्ञान र सीपहरु समावेश गरिएका छन् ।

उद्वेश्य (Objective) :

१. पोते मोति र क्रिष्टलबाट गरगहना बनाउने ।

कार्यहरु (Tasks) :

२. सिम्पल टप बनाउने ।
३. झुम्कावाला टप बनाउने ।
४. सिम्पल औंठी बनाउने ।
५. फेन्सी औंठी बनाउने ।
६. सिम्पल झुम्का बनाउने ।
७. क्रिष्टल, मोति र पोतेको सिम्पल गरगहना बनाउने ।
८. ब्लाउज/कुर्तामा राख्ने झुम्का बनाउने ।
९. सिम्पल चुरा बनाउने ।
१०. फेन्सी चुरा बनाउने ।
११. सिम्पल कांटा बनाउने ।
१२. फेन्सी कांटा बनाउने ।
१३. सिम्पल पाउजु बनाउने ।
१४. घुंघरु भएको पाउजु बनाउने ।

कार्य विश्लेषण (Task Analysis)

कुल समय : २ घण्टा
सैद्धान्तिक : १५ मि.
प्रयोगात्मक : १ घण्टा ४५ मि.

कार्य (Task): १. सिम्पल टप बनाउने ।

कार्य चरणहरु (Steps)	अन्तिमकार्यसम्पादन उद्धेश्य (Terminal performance objective)	सम्बन्धितप्राबिधिक ज्ञान (Related technical knowledge)
१. सियो धागो लिने । २. सियोमा धागो उनि गाठो पार्ने । ३. एउटा रातो मोति वा क्रिष्टल लिई लक गर्ने । ४. एउटा पोते, पहेलो मोति वा क्रिष्टल लिई एउटा पोते लिई फेरी एउटा मोति वा क्रिष्टल लिने । ५. रातो मोती वा क्रिष्टलबाट सियो छिराउने । ६. रातो मोती वा क्रिष्टलको आधा भाग घेर्ने र अरु आधा पनि यसरी नै घेर्ने । ७. राम्रोसंग लक गरी धागो काट्ने । ८. टपको हुक लिने । ९. बनेको टपलाई ग्लु गन वा ग्लु स्टिकको सहायताले जोड्ने ।	**दिईएको(Given)** सियो, धागो, मोति वा क्रिष्टल, पोते, ग्लु गन वा ग्लु स्टिक, टपको हुक । **कार्य(Task):** सिम्पल टप तयार गर्ने । **मापदण्ड (Standard):** नमुना अनुसारको रंग मिलाई मोती, क्रिष्टल र पोतेको समिश्रणबाट टप तयार गरेको ।	• मोति, पोते र क्रिष्टलको टप बनाउने तरिका । • ग्लुले टपको हुक जोड्ने तरिका । • फिनिसिङ्ग गर्दा ध्यान दिनु पर्ने कुरा ।

औजार,उपकरण र सामाग्रीहरु (Tools, Equipment and Materials):
सियो, धागो, मोति वा क्रिष्टल, पोते, ग्लु गन वा ग्लु स्टिक, टपको हुक, मैन कैंची ।

सुरक्षा/साबधानीहरु (Safety/Precautions):

- सियोले घोच्न सक्छ सावधानिक पुर्वक चलाउने ।
- सियो भाचिएमा भाचिएको सियो व्ययश्थित गर्ने ।

कार्य विश्लेषण (Task Analysis)

कुल समय : ४ घण्टा
सैद्धान्तिक : १५ मि.
प्रयोगात्मक : ३ घण्टा ४५ मि.

कार्य (Task): २. झुम्कावाला टप बनाउने ।

कार्य चरणहरु (Steps)	अन्तिम कार्यसम्पादन उद्धेश्य (Terminal performance objective)	सम्बन्धित प्राबिधिक ज्ञान (Related technical knowledge)
१. सियो, धागो, पोते, क्रिष्टल, टपको जालि, टपको पेच लिने । २. सियोमा धागो उनि गाठो पारी टपको जालीमा लक गरी जालिको बिचको प्वालमा जाने । ३. एउटा क्रिष्टल एउटा पोते लिई पोतेलाई छाडेर क्रिष्टललाई टिपी जालिमा आई अर्को प्वालमा जाने । ४. फेरी एउटा क्रिष्टल एउटा पोते लिई पोतेलाई छाडेर क्रिष्टल टिप्दै बिचको क्रिष्टललाई वरिपरिबाट घेर्ने । ५. यस्को बिचका क्रिष्टललाई पनि अर्को १ घेरा उन्ने । (यति गर्दा टपको आकार तयार हुन्छ) ६. यसको एक छेउमा गई ३ वटा पोते उनि १० वटा क्रिष्टल र ३ वटा अर्को रङ्गको क्रिष्टल फेरी १० वटा क्रिष्टल र ३ वटा पोते उनि अर्को छेउमा गई जोड्ने । ७. अब अर्को यो भन्दा अलि सानो झुम्का बनाई जोड्ने । ८. अन्तिममा ग्लुको सहायताले पेच र टप जोड्ने ।	**दिईएको (Given)** झुम्कावाला टपको नमुना । **कार्य (Task):** झुम्कावाला टप तयार गर्ने । **मापदण्ड (Standard):** नमुना अनुसारको रंग मिलेको क्रिष्टल र पोतेबाट टप बनाएको ।	• टपको आकार बनाउने जानकारी । • झुम्का जाड्ने जानकारी । • टपको पेच जोड्ने जानकारी • फिनिसिङ्ग गर्दा ध्यान दिनु पर्ने कुरा ।

औजार, उपकरण र सामाग्रीहरु (Tools, Equipment and Materials):
सिधो, धागो, पोते,क्रिष्टल,जालि,पेच,ग्लु, मैन ।

सुरक्षा/साबधानीहरु (Safety/Precautions):

- सियोमा धागो उन्दा सावधानि अपनाउने
- लक गर्दा सावधानि अपनाउने
- टपमा पेच जोड्दा सावधानि अपनाउने ।

कार्यविश्लेषण(Task Analysis)

कुल समय : ३ घण्टा
सैद्धान्तिक : १५ मि.
प्रयोगात्मक : २ घण्टा ४५ मि.

कार्य (Task): ३. सिम्पल औँठी बनाउने ।

कार्य चरणहरु (Steps)	अन्तिमकार्यसम्पादन उद्धेश्य (Terminal performance objective)	सम्बन्धितप्राबिधिक ज्ञान (Related technical knowledge)
१. सियो धागो लिने । २. सियोमा धागो उनि गाठो पार्ने । ३. २।३ थरी आफुलाई मन पर्ने रङको पोते छान्ने । ४. एउटा मोति लिने र मोतिमा धागो लक गरी मोतिलाई पोतेले भर्ने । ५. भरिएको मोतिमा सियो उनि ५ वटा पोते लिदै जुन पोतेबाट सियो निस्केको छ त्यही पोतेमा सियो उनेर मोतिको आधा भाग सम्म भरी आधा झुप्पा तयार गर्ने । ६. झुप्पाको एक साईटबाट धागो लक गरी औठिको सिक्रि बनाउन औलाको साईज अनुसारले सियो धागोमा पोते उन्ने र अर्को साईटमा लगि लक गर्ने । ७. त्यहिठाउबाट एउटा पोते लिई एउटा छाड्दै अर्कोमा टिप्दै जाने । ८. अर्को साईटमा पुगी लक गर्ने र बाकि रहेको ठाउमा पनि पोते भरी अन्तिम लक गरी धागो काट्ने ।	**दिईएको(Given)** सिम्पल औठीको नमुना । **कार्य(Task):** सिम्पल औठी तयार गर्ने । **मापदण्ड (Standard):** आवश्यक रंग मिलाई नमुना अनुसारको औंठी तयार गरेको ।	• मोतिमा पोते भर्ने तरिका । • भरीएको मोतीमा पोते भर्ने तरिका । • टपको हुक जोड्ने तरिका । • फिनिसिङ्ग गर्दा ध्यान दिनु पर्ने कुरा

औजार,उपकरण र सामाग्रीहरु(Tools, Equipment and Materials):
सियो, धागो, मोति, पोते, मैन कैचि ।

सुरक्षा/साबधानीहरु (Safety/Precautions):

- लक गर्दा सावधानि अपनाउने ।
- टपमा पेच जोड्दा सावधानि अपनाउने ।
- सियोले घोच्न सक्छ सावधानिक पुर्वक चलाउने ।
- भाचिएको सियो व्यवश्थित गर्ने ।

कार्य विश्लेषण (Task Analysis)

कुल समय : ३ घण्टा
सैद्धान्तिक : १५ मि.
प्रयोगात्मक : २ घण्टा ४५ मि.

कार्य (Task): ४. फेन्सी औठी बनाउने ।

कार्य चरणहरु (Steps)	अन्तिम कार्यसम्पादन उद्धेश्य (Terminal performance objective)	सम्बन्धित प्राबिधिक ज्ञान (Related technical knowledge)
१. सियो,धागो, पोते, क्रिष्टल, मेटल जाली, औठीको फ्रेम लिने । २. सियोमा धागो उन्ने । ३. मेटल जालीमा धागो लक गर्ने । ४. मेटल जालिको बिचमा सियो निकाली १ वटा क्रिष्टल, १ वटा पोते लिने । ५. पोते छोडि क्रिष्टललाई टिपेर मेटल जालिमा आउने र १ वटा लक गर्ने । ६. उक्त क्रिष्टललाई १वटा क्रिष्टल १वटा पोते लिई पोतेलाई छोडेर क्रिष्टललाई टिप्दै वरीपरी बाट घेर्ने । ७. ५ वा ६ वटा पोते र क्रिष्टलले पहिलो क्रिष्टल घेरिन्छ, अब फेरी यसरी नै ५ वा ६ वटा लाई १० वा १२ वटा पोते र क्रिष्टलले घेरेर लक गर्ने । ८. औठीको फुल तयार हुन्छ अब औठिको फेममा जोडी राम्रो संग लक गरी धागो काट्ने ।	**दिईएको (Given):** फेन्सी औठीको नमुना । **कार्य (Task):** फेन्सी औठी तयार बनाउने । **मापदण्ड (Standard):** क्रिष्टल, पोते र मोतीबाट नमुना बमोजिमको आकर्षक फेन्सी औंठी बनाएको ।	• सियोमा धागो उनेर जाली जोड्ने तरिका • मेटल जालिमा क्रिष्टल र पोते भर्ने तरिका । • जालिको फुल र औठीको फ्रेम जोड्ने तरिका । • फिनिसिङ्ग गर्न ध्यान दिनु पर्ने कुरा ।

औजार, उपकरण र सामाग्रीहरु (Tools, Equipment and Materials):
सियो, धागो, क्रिष्टल, पोते, मेटल जालि, औठिको फ्रेम, कैचि ।

सुरक्षा/साबधानीहरु (Safety/Precautions):

- सियोले घोच्न सक्छ सावधानिक पुर्वक चलाउने ।
- भाचिएको सियो व्यवश्थित गर्ने ।

कार्य विश्लेषण (Task Analysis)

कुल समय : २ घण्टा
सैद्धान्तिक : १५ मि.
प्रयोगात्मक :१ घण्टा ४५ मि.

कार्य (Task): ५. सिम्पल झुम्का बनाउने ।

कार्य चरणहरु (Steps)	अन्तिम कार्यसम्पादन उद्धेश्य (Terminal performance objective)	सम्बन्धित प्राबिधिक ज्ञान (Related technical knowledge)
१. सियो, धागो,४ वटा मोति र १ जोर झुम्काको हुक लिने । २. सियोमा धागो उनि मोतिमा लक गरी पोतेले ४ वटै मोति पालैपालो भर्ने । ३. २ वटा भरेको मोति धागोमा उनि बलियो बनाउने । ४. मोतिको बिचबाट १० वटा पोते उनि हुक जोड्ने । ५. फेरी १० वटा पोते उनि लक गर्ने । ६. राम्रो संग लक गरेपछि ३ वटा झुम्का हाल्ने ७. अन्तमा फाईनल लक गरी धागो काट्ने ।	**दिईएको (Given):** झुम्काको नमुना । **कार्य (Task):** सिम्पल झुम्का बनाउने । **मापदण्ड (Standard):** मोति र पोते मिलाई नमुना अनुसारको आकर्षक झुम्का बनाएको ।	• मोतिमा पोते भर्ने तरिका । • हुक जोड्ने तरिका । • फिनिसिङ्ग गर्न ध्यान दिनु पर्ने कुरा ।

औजार, उपकरण र सामाग्रीहरु (Tools, Equipment and Materials):
सियो, धागो, मोति, पोते, मैन, कैंचि, झुम्काको हुक ।

सुरक्षा/साबधानीहरु (Safety/Precautions):

- सियोले घोच्न सक्छ सावधानिक पुर्वक चलाउने ।
- भाचिएको सियो व्यवश्थित गर्ने ।

कार्य विश्लेषण (Task Analysis)

कुल समय : ३ घण्टा
सैद्धान्तिक : १५ मि.
प्रयोगात्मक : २ घण्टा ४५ मि.

कार्य (Task): ६. मोति/पोते/क्रिष्टलको झुम्का बनाउने ।

कार्य चरणहरु (Steps)	अन्तिम कार्यसम्पादन उद्धेश्य (Terminal performance objective)	सम्बन्धित प्राबिधिक ज्ञान (Related technical knowledge)
१. सियो, धागो, पोते, मोति वा क्रिष्टल र झुम्काको हुक लिने । २. सियोमा धागो उन्ने । ३. एउटा पोते लियर लक गर्ने । ४. अरु २ वटा पोते उनेर पहिलो पोते बाट सियो उनि फुल बनाउने । ५. ३ वटा मोति वा क्रिष्टल, २ वटा पोते र १ वटा मोति वा क्रिष्टल लिई अगाडिको २ नम्बर मोति वा क्रिष्टलमा सियो उन्ने । ६. फेरी १ वटा मोति वा क्रिष्टल, २ वटा पोते र १वटा मोति वा क्रिष्टल लिई अघिकै मोति वा क्रिष्टलबाट सियो उन्ने । ७. यसरी ५ पटक सम्म उनेर फुल तयार गर्ने । ८. त्यहि फुलबाट २ वटा पोते १ वटा मोति वा क्रिष्टल २ वटा र फेरी १ वटा मोति वा क्रिष्टल लिएर उन्ने । ९. अनि ५ वटा पोते पछि झुम्काको हुक राखेर फेरी ५ वटा पोते लिई लक गर्ने । १०. यसरी नै अर्को पनि झुम्का पनि तयार गर्ने ।	**दिईएको (Given):** पोते, मोति वा क्रिष्टलको झुम्काको नमुना । **कार्य (Task):** पोते/मोति/क्रिष्टलको झुम्का तयार गर्ने । **मापदण्ड (Standard):** डिजाइन अनुसार पोते, मोति वा क्रिष्टलको आकर्षक झुम्का बनाएको ।	• पोते/मोति/क्रिष्टलको फुल तयार गर्ने तरिका । • झुम्काको हुक जोड्ने तरिका । • फिनिसिङ्ग गर्न ध्यान दिनु पर्ने कुरा ।

औजार, उपकरण र सामाग्रीहरु (Tools, Equipment and Materials):
मोति,पोते, क्रिष्टल,सियो, धागो,झुम्काको हुक, कैंचि

सुरक्षा/साबधानीहरु (Safety/Precautions):

- सियोले घोच्न सक्छ, सावधानिक पुर्वक चलाउने ।
- भाचिएको सियो व्यवश्थित गर्ने ।

कार्य विश्लेषण (Task Analysis)

कुल समय : ३ घण्टा
सैद्धान्तिक : १५ मि.
प्रयोगात्मक : २ घण्टा ४५ मि.

कार्य (Task): ७. ब्लाउज/कुर्तामा राख्ने झुम्का बनाउने ।

कार्य चरणहरु (Steps)	अन्तिम कार्यसम्पादन उद्धेश्य (Terminal performance objective)	सम्बन्धित प्राबिधिक ज्ञान (Related technical knowledge)
१. सियो,धागो, पोते, मोति र क्रिष्टल लिने । २. सियोमा धागो उन्ने २ वटा घुंघुरु लिई लक गर्ने । ३. १ वटा पोते लिने, १ वटा सानो मोति, १ वटा पोते, १ वटा ठूलो मोति, १ वटा पोते, १ वटा सानो मोति, ३ वटा क्रिष्टल, १ वटा पोते, १ वटा क्रिष्टल लिई सुरुको २ नम्बर क्रिष्टलबाट सियो उन्ने । ४. फेरी १ वटा क्रिष्टल, १ वटा पोते, १ वटा क्रिष्टल लिई अघिकै क्रिष्टबाट सियो उन्ने । ५. यो प्रकृया ५ पटक सम्म दोऱ्याएर एउटा फुल तयार गर्ने । ६. अब फेरी १वटा पोते, १वटा सानो मोति, २० वटा पोते लिई सानो मोतीमा ल्याएर लक गर्ने ७. २ । ३ पटक लक गरेर धागो काट्ने । ८. यसै गरी आश्यकता अनुसार अर्को पनि बनाउने ।	**दिईएको (Given):** झुम्काको नमुना । **कार्य (Task):** ब्लाउज/कुर्तामा राख्ने झुम्का बनाउने । **मापदण्ड (Standard):** ● ब्लाउजको रंगको समिश्रण अनुसार नमुना बमोजिमको झुम्का बनाएको । ● कुर्ताको कलर कम्बिनेसन अनुसार नमुना बमोजिमको झुम्का बनाएको ।	● पोते/मोति/क्रिष्टलको फुल तयार गर्ने तरिका । ● झुम्काको हुक जोड्ने तरिका । ● फिनिसिङ्ग गर्न ध्यान दिनु पर्ने कुरा ।

औजार, उपकरण र सामाग्रीहरु (Tools, Equipment and Materials):
सियो, धागो, सानो मोति, ठुलो मोति, पोते, क्रिष्टल, घुंघुरु, कैंचि ।

सुरक्षा/साबधानीहरु (Safety/Precautions):

- सियोले घोच्न सक्छ, सावधानिक पुर्वक चलाउने ।
- भाचिएको सियो व्यवश्थित गर्ने ।

कार्य विश्लेषण (Task Analysis)

कुल समय : २ घण्टा
सैद्धान्तिक : १५ मि.
रप्रयोगात्मक : १ घण्टा ४५ मि.

कार्य (Task): ८. सिम्पल चुरा बनाउने ।

कार्य चरणहरु (Steps)	अन्तिम कार्यसम्पादन उद्धेश्य (Terminal performance objective)	सम्बन्धित प्राबिधिक ज्ञान (Related technical knowledge)
१. सियो,धागो,पोते,मेटल र काचको चुरा लिने २. चुरामा धागो लक गर्ने । ३. सियोमा १० । १२ वटा पोते लिने । ४. उक्त पोतेलाई चुरामा बेरी लक गर्ने । ५. फेरी १० । १२ वटा पोते लिदै लक गर्दै जाने ६. यसरी पूरै चुराभरी नै राम्रो संग लक गरी धागो काट्ने ।	**दिईएको (Given)** सिम्पल चुराको नमुना । **कार्य (Task):** सिम्पल चुरा तयार गर्ने । **मापदण्ड (Standard):** दिइएको चुराको नमुना अनुसार विभिन्न साइजको चुरा बनाएको ।	• चुरामा लक गर्ने तरिका । • चुरामा पोते भर्ने तरिका । • चुरा र पोते जाडेर लक गर्ने तरिका । • फिनिसिङ्ग गर्न ध्यान दिनु पर्ने कुरा ।

औजार, उपकरण र सामाग्रीहरु (Tools, Equipment and Materials):
सियो, धागो, पोते, काच वा मेटलको चुरा, कैंचि ।

सुरक्षा/साबधानीहरु (Safety/Precautions):

- सियोले घोच्न सक्छ, सावधानिक पुर्वक चलाउने ।
- धागो टुट्न सक्छ, सावधानीपुर्वक काम गर्ने
- सियो व्यवश्थित गर्ने ।

कार्य विश्लेषण (Task Analysis)

कुल समय : ३ घण्टा
सैद्धान्तिक : १५ मि.
प्रयोगात्मक : २ घण्टा ४५ मि.

कार्य (Task): ९. फेन्सी चुरा बनाउने ।

कार्य चरणहरु (Steps)	अन्तिम कार्यसम्पादन उद्धेश्य (Terminal performance objective)	सम्बन्धित प्राबिधिक ज्ञान (Related technical knowledge)
१. सियो, धागो, क्रिष्टल वा मोति, जाली चुराको फ्रेम लिने । २. जालि चुरामा सियो धागो उनि लक गर्ने । ३. बिभिन्न कलरका ५ देखि ८वटा मोति वा क्रिष्टल राखि लक गर्दै जाने । ४. यसै गरी पुरै जालि चुरा भरी राम्रो संग लक गरी धागो काट्ने ।	**दिईएको (Given)** फेन्सि चुराको नमुना । **कार्य (Task):** फेन्सि चुरा तयार गर्ने । **मापदण्ड (Standard):** ५ देखि ८ वटा मोति वा क्रिष्टल राखि लक गरी डिजाईल अनुसारको चुरा बनाएको ।	• चुरामा सियो धागो लक गर्ने तरिका । • चुरामा मोति वा क्रिष्टल भरी लक गर्ने तरिका । • फिनिसिङ्ग गर्न ध्यान दिनु पर्ने कुरा ।

औजार, उपकरण र सामाग्रीहरु (Tools, Equipment and Materials):
सियो, धागो, मोति वा क्रिष्टल, जालि चुराको फ्रेम कैचि ।

सुरक्षा/साबधानीहरु (Safety/Precautions):

- सियो ले घोच्न सक्छ सावधानिक पुर्वक चलाउने ।
- धागो टुट्न सक्छ सावधानीपुर्वक काम गर्ने
- सियो व्यवस्थित गर्ने ।

कार्य विश्लेषण (Task Analysis)

कुल समय : २ घण्टा
सैद्धान्तिक : १५ मि.
प्रयोगात्मक : १ घण्टा ४५ मि.

कार्य (Task): १०. सिम्पल काटा बनाउने ।

कार्य चरणहरु (Steps)	अन्तिम कार्यसम्पादन उद्धेश्य (Terminal performance objective)	सम्बन्धित प्राबिधिक ज्ञान (Related technical knowledge)
१. सियो, धागो, पोते, सादा काटा वा चिम्टी काटा लिने । २. सियोमा धागो उन्ने । ३. काटा वा चिम्टीमा लक गर्ने । ४. काटा भए अलि धेरै १०, १५ वटा पोते वा काटाको माथिल्लो भाग छोपिने गरी सियोमा पोते उनि काटामा घुमाई लक गर्दै जाने । ५. चिम्टी भए ३, ४ वटा पोते लिदै चिम्टीको माथिल्लो भाग छोपिने गरी सियोमा पोते उन्दै लक गर्दै अगाडी बड्ने । ६. पुरै काटा वा चिम्टी भरीए पछि लक गरी धागो काट्ने ।	**दिईएको (Given):** सिम्पल काटाको नमुना । **कार्य (Task):** सिम्पल काटा बनाउने । **मापदण्ड (Standard):** ● नमुना अनुसारको १०, १५ वटा पोतेले काटाको माथिल्लो भाग छोपिने गरी आकर्षक काटा बनाएको । ● ३/४ वटा पोते उनेर चिम्टीको माथिल्लो भाग छोपिने गरी नमुना अनुसारको आकर्षक काटा बनाएको ।	● काटामा लक गर्ने तरिका । ● काटामा पोते भर्ने तरिका । ● फिनिसिङ्ग गर्न ध्यान दिनु पर्ने कुरा ।

औजार, उपकरण र सामाग्रीहरु (Tools, Equipment and Materials):
काटा वा चिम्टी, पोते, सियो, धागो ।

सुरक्षा/साबधानीहरु (Safety/Precautions):

- सियोले घोच्न सक्छ यसबाट बच्ने
- धोगो नदेखिने गरी पोते उनि लक गर्ने

कुल समय : १५ घण्टा
सैद्धान्तिक : १ घण्टा
प्रयोगात्मक : १४ घण्टा

कार्य (Task): ११. फेन्सि काटा बनाउने ।

कार्य चरणहरु (Steps)	अन्तिम कार्यसम्पादन उद्धेश्य (Terminal performance objective)	सम्बन्धित प्राबिधिक ज्ञान (Related technical knowledge)
१. सियो, धागो, पोते, चिम्टी, जालि, लिने । २. सुरुमा ३ वटा पात बनाउने । ३. पात बनाउन सियोमा धागो उनि एउटा हरियो पोतेमा लक गरी अरु १४ वटा हरियो पोते सरसर्ति उन्ने । ४. ३ वटा पहेलो पोते सियोमा उन्ने पहेलो पोते र एउटा हरियो लाई छोडी एउटा हरियो पोतेमा टिप्ने । ५. अब सियोमा एउटा हरियो पोते लिदै एउटा छोड्दै अर्कोमा टिप्दै अन्तिम सम्म आउने । ६. अन्तिम बाट पहेलो पोते नलिएर सियो र धागोले मात्र एउटा हरियो पोते टिप्ने त्यसपछि एउटा हरियो पोते लिदै एउटा छोड्दै एउटा टिप्दै जाने । ७. यसरी एक साईटबाट पहेलो पोते लिई अर्को साईटबाट नलिई एउटा हरियो लिदै एउटा छोड्दै एउटा टिप्दै गरेपछि आधा पातको भाग तयार हुन्छ । ८. अब यसरी नै अर्को आधा भाग पनि तयार गर्ने यति बेला सम्म एउटा पात तयार हुन्छ अब अर्को पात पनि यसरी नै तयार गर्ने । ९. यसरी तयार भएको ३ वटा पातलाई सियो र धागोको सहायताले जोड्ने । **अब लालीगुरास फुल बनाउन** १०. एउटा मेटल जालि लिई जालिमा सियो धागो लक गरी जालिको बिचमा आएर १० वटा रातो पोते लिई जुन प्वाल बाट सियो निश्केको छ त्यसैमा उनि फुल बनाउने ।	**दिईएको (Given)** सियो, धागो, पोते, चिम्टी, जालि । **कार्य (Task):** फेन्सि काटा तयार गर्ने । **मापदण्ड (Standard):** ● नमुना अनुसारको आकर्षक फेन्सी काटा बनाएको ।	● पात बनाउने तरिका ● पात जोड्ने तरिका ● फुल बनाउने तरिका ● फुल र पात जोड्ने तरिका ● तयार भएको फुल र पात चिम्टीमा जोड्ने तरिका ● फिनिसिङ्ग गर्न ध्यान दिनु पर्ने कुरा ।

११. फेरी अर्को प्वालबाट सियो निकाली १० वटा रातो पोते लिदै पुरै मेटलमा जाली भर्ने । १२. पुरै जालि भरिएर लालिगुरांसको फुलको आकार बनेपछि फुललाई सियो र धागोको सहायताले पातमा जोडेर फुल र पात तयार गर्ने । १३. फुल वा पातलाई ग्लुको सहायताले चिम्टीमा जोड्ने वा बलियो बनाउन सियो धागोले जोड्ने ।		

औजार, उपकरण र सामाग्रीहरु (Tools, Equipment and Materials):
सियो, धागो, पोते, चिम्टी,जाली ग्लु, मैन बत्ति

सुरक्षा/साबधानीहरु (Safety/Precautions):

- सियो चलाउदा सावधानि अपनाउने
- ग्लु टास्दा सावधानी अपनाउने

कार्य विश्लेषण (Task Analysis)

कुल समय : ३ घण्टा
सैद्धान्तिक : ३० मि.
प्रयोगात्मक : २ घण्टा ३० मि.

कार्य (Task): १२. सिम्पल पाउजु बनाउने ।

कार्य चरणहरु (Steps)	अन्तिम कार्यसम्पादन उद्धेश्य (Terminal performance objective)	सम्बन्धित प्राबिधिक ज्ञान (Related technical knowledge)
१. सियो, धागो, पोते, मोती लिने । २. सियोमा धागो उनि एउटा मोती लिएर लक गर्ने । ३. मोतीमा पोते भर्दै जाने र मोति भरीएपछि १५ वटा पोते उनेर अगाडीको ५ औ नम्बरमा टिप्ने । ४. ५ वटा पोते लिदै तेस्रोमा टिप्दै आफुलाई आवश्यक लम्बाई सम्म अगाडी बढेर पाउजु बनाउने । ५. लम्बाई पुगेपछि ४०।४५ वटा पोते उनेर मोतीलाई छिराउने र लक बनाउने । ६. पाउजुको पट्टिमा आएर सियोमा ३० वटा पोते उन्दै तेस्रो स्टेप को २ वा पोतेमा सियो छिराएर झुम्का तयार गर्ने । ७. यसै गरी पाउजुको पुरै पट्टिमा झुम्का बनाउने । ८. अन्तमा लगेर लक गर्ने ।	**दिईएको (Given)** सिम्पल पाउजुको नमुना । **कार्य (Task):** सिम्पल पाउजु बनाउने । **मापदण्ड (Standard):** • मोतिमा पोते भर्दा पोते looseनभएको । • पाउजुको पट्टि बनाउदा धागो तन्काएर पोतेमा टिपेको । • पाउजु सुहाउंदो फुम्का बनाएको ।	• मोतिमा पोते भर्ने तरिका । • पाउजुको पट्टि बनाउने तरिका । • पाउजुमा झुम्का बनाउने तरिका । • फिनिसिङ्ग गर्न ध्यान दिनु पर्ने कुरा ।

औजार, उपकरण र सामाग्रीहरु (Tools, Equipment and Materials):
सियो, धागो, पोते, मोति, कैंचि ।

सुरक्षा/साबधानीहरु (Safety/Precautions):
सियो चलाउदा सावधानिपुर्वक चलाउने ।

कार्य विश्लेषण (Task Analysis)

कुल समय : ५ घण्टा
सैद्धान्तिक : ३० मि.
प्रयोगात्मक : ४ घण्टा ३० मि.

कार्य (Task): १३. घुंघुरु भएको पाउजु बनाउने ।

कार्य चरणहरु (Steps)	अन्तिम कार्यसम्पादन उद्धेश्य (Terminal performance objective)	सम्बन्धित प्राबिधिक ज्ञान (Related technical knowledge)
१. सियो, धागो, पोते, मोती लिने । २. सियोमा धागो उनि एउटा मोती लिएर लक गर्ने । ३. मोतीमा पोते भर्दै जाने । ४. मोति भरीएपछि १५ वटा पोते उनेर अगाडीको ५ औ नम्बरमा टिप्ने र अब छ ५ वटा लिदै तेस्रोमा टिप्दै आफुलाई आवश्यक लम्बाई सम्म अगाडी बड्ने । (यतिबेला सम्म पाउजुको पट्टि तयार हुन्छ)। ५. लम्बाई पुगेपछि ४०।४५ वटा पोते उनेर मोतीलाई छिराएर लक बनाउने । ६. पाउजुको पट्टिमा आएर सियोमा १५ वटा पोते उन्ने । ७. एउटा घुंघुरु उनेर १५ वटा पोते उन्दै तेस्रो चरणको २ वा पोतेमा सियो छिराएर झुम्का तयार गर्ने । ८. यसै गरी पाउजुको पुरै पट्टिमा घुंघुरु भएको झुम्का बनाउने । ९. अन्तिममा लक गर्ने ।	**दिईएको (Given)** सियो, धागो, पोते, मोती, घुंघुरु घुंघुरु भएको पाउजुको नमुना **कार्य (Task):** घुंघुरु भएको पाउजु बनाउने मापदण्ड (Standard): मोतिमा पोते भर्दा पोते loose हुन सक्छ सावधानिक पुर्वक भर्ने । पाउजुको पट्टि बनाउदा धागो तन्काएर पोतेमा टिप्ने । घुंघुरु राख्दा झुम्काको बिचमा पर्ने गरी राख्ने ।	• मोतिमा पोते भर्ने तरिका । • पाउजुको पट्टि बनाउने तरिका । • पाउजुमा झुम्का बनाउने तरिका । • फिनिसिङ्ग गर्न ध्यान दिनु पर्ने कुरा ।

औजार, उपकरण र सामाग्रीहरु (Tools, Equipment and Materials):
सियो, धागो, पोते, मोति, घुंघुरु, कैंचि

सुरक्षा/साबधानीहरु (Safety/Precautions):

- सियो चलाउदा सावधानिपुर्वक चलाउने
- सियो व्यवश्थित गर्ने ।

कार्य विश्लेषण(Task Analysis)

पोते, मोति र क्रिष्टलका ब्याग तयारी

मोड्यूल : ५ : पोते, मोति र क्रिष्टलका ब्याग तयारी

समय : २ घण्टा (सै) + ५८ घण्टा (प्र) = ६० घण्टा

बर्णन (Description) : यसमा क्रिष्टल, मोति र पोतेका ब्याग बनाउने कार्यसंग सम्बधित ज्ञान र सीपहरु समावेश गरिएका छन् ।

उद्देश्य (Objective) :

- पोते, मोति र क्रिष्टलका ब्याग बनाउने ।

कार्यहरु (Tasks) :

१. मोबाईल ब्याग बनाउने ।
२. पर्स ब्याग बनाउने ।
३. हाते ब्याग बनाउने ।
४. थैली ब्याग तयार गर्ने ।

कार्य विश्लेषण (Task Analysis)

कुल समय : ८ घण्टा
सैद्धान्तिक : ३० मि.
प्रयोगात्मक : ७ घण्टा ३० मि.

कार्य (Task): १. मोबाईल ब्याग तयार गर्ने ।

कार्य चरणहरु (Steps)	अन्तिम कार्यसम्पादन उद्धेश्य (Terminal performance objective)	सम्बन्धित प्राबिधिक ज्ञान (Related technical knowledge)
१. सियो, धागो, क्रिष्टल लिने । २. सियोमा धागो उन्ने । ३. सियोमा ४ वटा क्रिष्टल लिएर ४ वटा क्रिष्टल मुनि पट्टिको धागोमा छिरायर लक गर्ने । ४. एउटा क्रिष्टल लाई टिपेर माथि जाने र अब ३ वटा क्रिष्टल राख्ने जुन क्रिष्टलबाट धागो आएको छ त्यहि क्रिष्टललाई टिपेर २ वटा क्रिष्टल माथि आउने । ५. फेरी ३ वटा राखेर त्यही प्रक्रिया द्रोऱ्याउदै जाने र आफुलाई चाहिएको लम्बाई सम्म बनाउने । ६. लम्बाई पुगेपछि बिर्को बनाउनलाई ३ स्टेपआधा भाग बुन्ने र अन्तिममा १ वटा क्रिष्टल अगाडी बाट फर्किने । ७. यहि प्रक्रिया दोऱ्याउने र यसो गर्दा अन्तिममा ३ वटा रहन्छ । ८. अब ३ वटा क्रिष्टलको भित्र भित्रबाट सियो उनेर ब्यागको साईटमा आउने । ९. फित्ता बनाउन ३ वटा क्रिष्टल लिएर एउटामा सियो उन्ने र फेरी ३ वटै लिएर दोस्रोमा टिप्दै अगाडी बड्ने । १०. आफुलाई आवश्यक लम्बाई पुगेपछि २ वटा क्रिष्टल राखेर लक गर्ने ।	**दिईएको (Given):** मोबाईल ब्यागको नमुना । **कार्य (Task):** मोबाईल ब्यागको तयार गर्ने । **मापदण्ड (Standard):** नमुना बमोजिम मोबाईलको आकार अनुसार क्रिष्टलको मोबाईल ब्याग बनाएको ।	• क्रिष्टल उन्ने तरिका । • लक गर्ने तरिका । • फिनिसिङ्ग गर्न ध्यान दिनु पर्ने कुरा ।

औजार, उपकरण र सामाग्रीहरु (Tools, Equipment and Materials):
सियो, धागो, क्रिष्टल ।

सुरक्षा/साबधानीहरु (Safety/Precautions):

- सियो चलाउदा सावधानिपुर्वक चलाउने ।
- सियो व्यवश्थित गर्ने ।

कार्य विश्लेषण (Task Analysis)

कुल समय : १२ घण्टा
सैद्धान्तिक : ३० मि.
प्रयोगात्मक : ११ घण्टा ३० मि.

कार्य (Task): २. पर्स ब्याग बनाउने ।

कार्य चरणहरु (Steps)	अन्तिम कार्यसम्पादन उद्धेश्य (Terminal performance objective)	सम्बन्धित प्राबिधिक ज्ञान (Related technical knowledge)
१. सियोमा धागो उनि ४ वटा क्रिष्टल लिएर अन्तिमको क्रिष्टल मुनिको धागोमा लक गरी एउटा क्रिष्टल टिपेर अगाडी बड्ने । २. ३ वटा क्रिष्टल लिदै दोस्रोमा टिप्ने । ३. त्यस पछि २ वटा क्रिष्टल लियर तेस्रोमा टिपेर लम्बाईमा २४ स्टेप सम्म अगाडी बड्ने । ४. चौडाईमा ८स्टेप सम्म जाने । ५. त्यस पछि ३ वटा क्रिष्टल लिदै दोस्रोमा टिप्दै अगाडी बड्ने । ६. आफुलाई आवश्यक साईजसम्म अगाडि बड्ने । ७. आफुलाई आवश्यक साईज पुगेपछि आधाबाट ३ स्टेप माथि आएर बिर्को बनाउने । ८. बिर्को बनाउन १ । १ वटा घटाउदै अगाडि बड्ने र अन्तिममा ३ वटा सम्म पुग्ने ।	**दिईएको (Given)** पर्स ब्यागको नमुना । **कार्य (Task):** पर्स ब्याग तयार गर्ने । **मापदण्ड (Standard):** नमुना अनुसारको आकर्षक पर्स ब्याग बनाएको । ।	• क्रिष्टल उन्ने तरिका । • लक गर्ने तरिका । • फिनिसिङ्ग गर्न ध्यान दिनु पर्ने कुरा ।

औजार, उपकरण र सामाग्रीहरु (Tools, Equipment and Materials):
सियो, धागो, क्रिष्टल ।

सुरक्षा/साबधानीहरु (Safety/Precautions):

- सियो चलाउदा सावधानिपुर्वक चलाउने ।
- सियो व्यवश्थित गर्ने ।

कार्य विश्लेषण (Task Analysis)

कुल समय : १६ घण्टा
सैद्धान्तिक : ३० मि.
प्रयोगात्मक : १५ घण्टा ३० मि.

कार्य (Task): ३. हाते ब्याग बनाउने ।

कार्य चरणहरु (Steps)	अन्तिम कार्यसम्पादन उद्धेश्य (Terminal performance objective)	सम्बन्धित प्राबिधिक ज्ञान (Related technical knowledge)
१. सियोमा धागो उनेर ४ वटा क्रिष्टल लिएर अन्तिमको क्रिष्टल मुनिको धागोमा लक गरी एउटा क्रिष्टल टिप्ने । २. त्यस पछि ३ वटा क्रिष्टल लिएर दोस्रोमा टिपेर लम्बाई ४० स्टेप सम्म अगाडी बड्ने । ३. फर्किदा ३ वटा लिएर पहिलोलाई टिप्ने अनि २ वटा लिएर तेस्रोमा टिप्ने र चौडाई १० स्टेप सम्म बढाउने । ४. त्यपछि सुरुमा ३ वटा लिएर दोस्रोमा टिप्ने र २ वटा लिएर तेस्रोमा टिपेर एउटा क्रिष्टल सियोमा लिएर बन्द गर्ने । ५. फेरी यही प्रक्रिया दोऱ्याउने र ३१ स्टेप सम्म बनाउने । ६. हाते ब्यागको फित्ता बनाउन सुरुमा ४ वटा क्रिष्टल लिएर पहिलोमा टिप्ने र फेरी ३ वटा लिएर दोस्रोमा टिपेर आवश्यक लम्बाई सम्म अगाडी बड्ने र अर्को साईटमा लगेर जोड्ने र फर्किदा २ वटा लिएर तेस्रोमा सियो उन्ने यसै गरी अब गोलो बनाउन १ वटा क्रिष्टल लिएर उन्दै गएर गोलो बनाउने । ७. यति गर्दा एउटा फित्ता तयार हुन्छ अब अर्को फित्ता पनि यसै गरी बनाउने ।	**दिईएको (Given)** हाते ब्यागको नमुना **कार्य (Task):** हाते ब्याग तयार गर्ने । **मापदण्ड (Standard):** ● नमुना अनुसारआकर्षक हाते ब्याग तयार गरेको ।	● क्रिष्टल उन्ने तरिका । ● लक गर्ने तरिका । ● फिनिसिङ्ग गर्न ध्यान दिनु पर्ने कुरा ।

औजार, उपकरण र सामाग्रीहरु (Tools, Equipment and Materials):
सियो, धागो, क्रिष्टल, कैचि

सुरक्षा/साबधानीहरु (Safety/Precautions):

- सियो चलाउदा सावधानिपुर्वक चलाउने ।
- सियो भाचिन सक्छ व्यबश्थित गर्ने ।

कार्य विश्लेषण (Task Analysis)

कुल समय : २४ घण्टा
सैद्धान्तिक : ३० मि.
प्रयोगात्मक : २३ घण्टा ३० मि.

कार्य (Task):४. थैलि ब्याग बनाउने ।

कार्य चरणहरु (Steps)	अन्तिम कार्यसम्पादन उद्धेश्य (Terminal performance objective)	सम्बन्धित प्राबिधिक ज्ञान (Related technical knowledge)
१. सियोमा धागो उनेर ४ वटा क्रिष्टल लिई धागोमा लक गरी एउटा क्रिष्टल अगाडी बड्ने र ३ वटा लिदै दोस्रोमा छिराउदै १५ स्टेप सम्म लम्बाई र १५ स्टेप सम्म चौडाई अगाडी बड्ने । २. अब ३ वटा क्रिष्टल लिएर एउटामा टिप्ने अनि २ वटा लिएर ३ वटाको पहिलोमा सियो उन्ने यहि प्रक्रिया दोऱ्याई १८ स्टेप सम्म अगाडी बड्ने । ३. अब फित्ता बनाउन बिचमा गई ४ वटा लिएर एउटा क्रिष्टल टिप्ने अनि ३ वटा लिदै दोस्रोमा टिप्दै जाने । ४. आफुलाई आवश्यक लम्बाई पुगेपछि सेन्टर मिलाएर जोड्ने । ५. अब २ वटा लिदै एउटामा टिप्दै अगाडी बड्ने अनि गोलो बनाउन एक एक वटा टिप्दै जोड्दै जाने ।	**दिईएको (Given)** थैली ब्यागको नमुना । **कार्य (Task):** थैलि ब्याग तयार गर्ने **मापदण्ड (Standard):** क्रिष्टल उन्दा र फित्ता बनाउदा ध्यानपुर्वक बनाउने ।	• क्रिष्टल उन्ने तरिका । • लक गर्ने तरिका । • फित्ता बनाउने तरिका । • फिनिसिङ्ग गर्न ध्यान दिनु पर्ने कुरा ।

औजार, उपकरण र सामाग्रीहरु (Tools, Equipment and Materials):
सियो, धागो, क्रिष्टल, कैंचि ।

सुरक्षा/साबधानीहरु (Safety/Precautions):
सियो चलाउदा सावधानिपुर्वक चलाउने ।

कार्य विश्लेषण(Task Analysis)

फिनिसिङ्ग

मोड्यूल : ६ : फिनिसिङ्ग

समय : १ घण्टा २० मिनेट (सै) + ८ घण्टा ४० मिनेट (प्र) = १० घण्टा

बर्णन (Description) : यसमा क्रिष्टल, मोति र पोतेबाट तयार गरेका विभिन्न किसिमका गरगहना एवं सामग्रीहरुको फिनिसिङ्ग कार्यसंग सम्बधित ज्ञान र सीपहरु समावेश गरिएका छन् ।

उद्देश्य (Objective) :

- पोते, मोति र क्रिष्टलका सामानहरुको फिनिसिङ्ग गर्न ।

कार्यहरु (Tasks) :

१. ब्यागमा भित्री राख्ने ।
२. ब्यागको भित्रीमा चेन राख्ने ।
३. ब्यागको तुना बनाउने/राख्ने ।
४. ब्यागमा झुम्का बनाउने ।
५. ब्यागमा क्रिष्टल, मोति र पोते भर्ने ।
६. ब्यागमा बटन राख्ने ।

कार्य विश्लेषण (Task Analysis)

कुल समय : १ घण्टा
सैद्धान्तिक : १० मि.
प्रयोगात्मक : ५० मि.

कार्य (Task): १. ब्यागमा भित्रि राख्ने ।

कार्य चरणहरु (Steps)	अन्तिम कार्यसम्पादन उद्धेश्य (Terminal performance objective)	सम्बन्धित प्राबिधिक ज्ञान (Related technical knowledge)
१. भित्रि राख्ने कपडा लिने । २. ब्यागको साईज भन्दा दुबैतिर आधा आधा ईन्च बढि कपडा लिएर काट्ने । ३. कपडा उल्टो बनाएर तलबाट सिउने । ४. ब्यागको मुखमा कपडालाई भित्र पारेर सिउने ।	**दिईएको (Given)** ब्याग, भित्री राख्ने कपडा । **कार्य (Task):** ब्यागमा भित्रि राख्ने । **मापदण्ड (Standard):** ब्यागमा भित्रि राख्दा बाहिरबाट भित्रको कपडा नदेखिएको ।	• भित्रि राख्ने तरिका । • भित्रि सिउने तरिका ।

औजार, उपकरण र सामाग्रीहरु (Tools, Equipment and Materials):
भित्रिको कपडा, सियो, धागो, कैचि ।

सुरक्षा/साबधानीहरु (Safety/Precautions):

- सियो चलाउदा सावधनी पुर्वक चलाउने
- भित्रि हाल्दा सावधानि पुर्वक राख्ने ।

कार्य विश्लेषण (Task Analysis)

कुल समय : २ घण्टा
सैद्धान्तिक : १५ मि.
प्रयोगात्मक : १ घण्टा ४५ मि.

कार्य (Task): २. ब्यागमा चेन राख्ने ।

कार्य चरणहरु (Steps)	अन्तिम कार्यसम्पादन उद्धेश्य (Terminal performance objective)	सम्बन्धित प्राबिधिक ज्ञान (Related technical knowledge)
१. सियो, धागो, चेन लिने । २. भित्रि कपडामा चेनलाई भित्र पट्टिबाट सिउने । ३. अनि ब्यागमा जोड्ने ।	**दिईएको (Given)** चेन, भित्रि, सियो, धागो । **कार्य (Task):** ब्यागको भित्रिमा चेन राख्ने । **मापदण्ड (Standard):** भित्रिमा चेन सिउदा धागोको काटी बाहिरबाट नदेखिएको ।	• चेन र भित्री सिउने जानकारी । • ब्यागमा जोड्ने तरिका ।

औजार, उपकरण र सामाग्रीहरु (Tools, Equipment and Materials):
सियो, धागो, चेन, भित्रि ।

सुरक्षा/साबधानीहरु (Safety/Precautions):

- चेन र भित्रि सिउदा सावधानी पुर्वक सिउने
- भित्रि हाल्दा सावधानि पुर्वक राख्ने ।

कार्य विश्लेषण (Task Analysis)

कुल समय : १ घण्टा
सैद्धान्तिक : १० मि.
प्रयोगात्मक : ५० मि.

कार्य (Task): ३. ब्यागको तुना बनाउने/राख्ने ।

कार्य चरणहरु (Steps)	अन्तिम कार्यसम्पादन उद्धेश्य (Terminal performance objective)	सम्बन्धित प्राबिधिक ज्ञान (Related technical knowledge)
१. रेशमको धागो लिने । २. धागोको २ वटा सरा लिई आफुलाई आवश्यक लम्बाइ सम्म बटार्दै जाने । ३. तयार भएको तुनामा झुम्का वा घुघुरुराखी लक गर्ने ।	**दिईएको (Given)** रेशमको धागो । **कार्य (Task):** ब्यागको तुना बनाउने । **मापदण्ड (Standard):** • २ वटा सरा समानान्तर रुपमा बटार्दै गएको । • तुना राख्दा ब्यागको दुइतिर जोडिएको र धागोको काटा नदेखिएको ।	• तुना बनाउने तरिका • फिनिसिङ्ग गर्ने तरिका

औजार, उपकरण र सामाग्रीहरु (Tools, Equipment and Materials):
रेशम धागो ।

सुरक्षा/साबधानीहरु (Safety/Precautions):
रेशम धागो बटार्दा सावधानि पुर्वक बटार्ने ।

कार्य विश्लेषण (Task Analysis)

कुल समय : १ घण्टा
सैद्धान्तिक : २० मि.
प्रयोगात्मक :४० मि.

कार्य (Task): ४. ब्यागमा झुम्का बनाउने ।

कार्य चरणहरु (Steps)	अन्तिम कार्यसम्पादन उद्धेश्य (Terminal performance objective)	सम्बन्धित प्राबिधिक ज्ञान (Related technical knowledge)
१. सियो, धागो, पोते, क्रिष्टल लिने । २. सियोमा धागो उनि एउटा पोते लिएर लक गर्ने । ३. अरु २ वटा पोते उनेर पहिलो पोतेबाट सियो उनि फुल बनाउने । ४. ३ वटा क्रिष्टल २ वटा पोते १ वटा क्रिष्टल लिई अगाडिको २ नम्बर क्रिष्टल मा सियो उन्ने अब फेरी १ वटा क्रिष्टल २ वटा पोते १वटा क्रिष्टल लिई अगिकै क्रिष्टलबाट सियो उन्ने यसरी ५ पटक सम्म उनेर फुल तयार गर्ने । ५. त्यहि फुल बाट अब २ वटा पोते १ वटा क्रिष्टल २ वटा पोते फेरी १ वटा क्रिष्टल अनि ५ वटा पोते पछि झुम्काको हुक फेरी ५ वटा पोते लिई लक गर्ने । ६. यसरी नै अर्को पनि झुम्का तयार गर्ने । ७. तयार भएको झुम्कालाई तुनामा जोड्ने ।	**दिईएको (Given)** सियो, धागो, क्रिष्टल, पोते **कार्य (Task):** ब्यागमा राख्ने झुम्का तयार गर्ने । **मापदण्ड (Standard):** ब्यागको बनावट अनुसार कलर कम्बिनेसन मिलाएर झुम्का बनाएको ।	• झुम्का बनाउने तरिका । • झुम्का जोड्ने तरिका । • फिनिसिङ्ग गर्ने जानकारी ।

औजार, उपकरण र सामाग्रीहरु (Tools, Equipment and Materials):
सियो, धागो, पोते, क्रिष्टल

सुरक्षा/साबधानीहरु (Safety/Precautions):
झुम्का हाल्दा सावधानि पुर्वक राख्ने ।

कार्य विश्लेषण (Task Analysis)

कुल समय : ४ घण्टा
सैद्धान्तिक : १५ मि.
प्रयोगात्मक : ३ घण्टा ४५ मि.

कार्य (Task): ५. ब्यागमा क्रिष्टल, पोते र मोति भर्ने ।

कार्य चरणहरु (Steps)	अन्तिम कार्यसम्पादन उद्धेश्य (Terminal performance objective)	सम्बन्धित प्राबिधिक ज्ञान (Related technical knowledge)
१. सियोमा धागो उन्ने । २. सियोलाई क्रिष्टलको ब्यागको जोर्नीमा राख्ने । ३. सियोमा पोते वा मोति उनेर क्रिष्टलका जोर्नीहरुमा भर्दै जाने । ४. यसै गरी पुरै ब्यागमा पोते वा मोति भर्ने ।	**दिईएको (Given)** सियो, धागो, पोते **कार्य (Task):** ब्यागमा पोते भर्ने । **मापदण्ड (Standard):** ब्यागमा आवश्यकता अनुसार पोत, मोति र क्रिष्टल भरेको ।	• ब्यागमा पोते भर्ने जानकारी • फिनिसिङ्ग गर्ने जानकारी ।

औजार, उपकरण र सामाग्रीहरु (Tools, Equipment and Materials):
सियो, धागो, पोते, कैचि ।

सुरक्षा/साबधानीहरु (Safety/Precautions):

- पोते भर्दा पोते क्रिष्टलहरुको बिचमा पर्ने गरी भर्ने ।
- सियो टुट्न सक्छ सियो व्यवश्थित गर्ने ।

कार्य विश्लेषण (Task Analysis)

कुल समय : १ घण्टा
सैद्धान्तिक : १० मि.
प्रयोगात्मक : ५० मि.

कार्य (Task): ६. ब्यागमा बटन राख्ने ।

कार्य चरणहरु (Steps)	अन्तिम कार्यसम्पादन उद्धेश्य (Terminal performance objective)	सम्बन्धित प्राबिधिक ज्ञान (Related technical knowledge)
१. ब्याग र टिप बटन लिने । २. सियोमा धागो उन्ने । ३. ब्यागको कभरमा टिप बटन लिई सिलाउने ।	**दिईएको (Given)** टिप बटन । **कार्य (Task):** ब्यागमा बटन राख्ने । **मापदण्ड (Standard):** ब्यागमा बटन राखेको ।	• टिप बटन जोड्ने तरिका

औजार, उपकरण र सामाग्रीहरु (Tools, Equipment and Materials):
ग्लु, लाईटर वा सलाई, टिप बटन

सुरक्षा/साबधानीहरु (Safety/Precautions):
ग्लुले जोड्दा ग्लु लतपत्तिन सक्छ सावधानि अपनाउने ।

मोड्युल : ७ : व्यावसायिकता विकास तथा संचार

समय : १ घण्टा (सै) + ४ घण्टा (प्र) = ५ घण्टा

बर्णन (Description): यसमा पेशासँग सम्बन्धित व्यावसायिकता विकास र संचारसंग सम्बन्धित ज्ञान र सीपहरु समावेश गरिएका छन् ।

उद्वेश्यहरु (Objectives) :

यस मोड्युलको अन्तमा प्रशिक्षार्थीहरु निम्न कार्यहरु गर्न सक्षम हुनेछन् :

- व्यावसायिकता विकास गर्न ।
- पेशागत संचार गर्न ।

कार्यहरु (Tasks) :

व्यावसायिकता बिकास :

१. तालिममा सहभागि हुने ।
२. क्याटलग अध्ययन गर्ने ।
३. टेलिभिजन कार्यक्रमहरु हेर्ने ।
४. मार्केटिङ्ग गर्ने ।
५. प्रदर्शनीमा भाग लिने ।
६. इन्टरनेट साईटहरु खोज गर्ने ।

पेशागत संचार :

१. मौखिक संचार गर्ने ।
२. टेलिफोनबाट संचार गर्ने ।
३. ग्राहकसँग संचार गर्ने ।
४. स्थानीय बजारमा समन्वय गर्ने ।
५. विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थासंग समन्वय गर्ने ।

मोड्यूलः ८ः उद्यमशिलता विकास
Entrepreneurship Development

समय : १८ घण्टा (सै) + २२ घण्टा (ब्या) = ४० घण्टा

वर्णनः

आफ्नै व्यवसाय/लघु उद्यम सुरु गरी स्वरोजगार हुन चाहने व्यक्तिहरुको लागि आवश्यक ज्ञान तथा सीपयुक्त जनशक्ति तयार गर्ने उद्देश्यले यो उद्यमशिलता विकास सम्बन्धि मोड्यूल तयार पारिएको हो । यसमा उद्यमको परिचय, उपयुक्त व्यवसायिक विचारको खोजी, व्यावसायिक योजना तयारीको लागि व्यावसायिक विचारको विकास जस्ता विषय वस्तुहरु समावेस गरिएका छन् ।

उद्देश्यः

यस मोड्यूलको समापनपछि विद्यार्थीहरुले निम्न कार्यहरु गर्न सक्षम हुनेछन्

१. उद्यम तथा स्वरोजगारको अवधारणा बुझ्ने ।
२. आफ्नो व्यवसायको लागि उपयुक्त हुने व्यवसायिक विचारको प्रस्फुटन गर्ने ।
३. व्यावसायिक योजनाको तयारी गर्न सिक्ने ।
४.व्यवसायिक अभिलेख राख्न प्रशिक्षित हुने ।

कार्यहरु

१. व्यवसाय/उद्यमको अवधारणा व्याख्या गर्ने ।
२. उद्यमशीलता सम्बन्धि मनोवृति विकास गर्ने ।
३. सम्भावित व्यवसायिक विचारको श्रृजना गर्ने ।
४. व्यवसायिक योजनाको तयारी गर्ने ।
५. व्यवसायको आधारभूत अभिलेख तयारी गर्ने ।

क्र.सं.	कार्यहरु	सम्बन्धित प्राविधिक ज्ञान	समय (घण्टमा)		
			सै.	ब्या.	जम्मा
१	व्यवसाय/उद्यमको अवधारणा व्याख्या गर्ने ।	• व्यवसाय/उद्यमको परिचय • व्यवसाय/उद्यमको वर्गिकरण • लघु, साना तथा मझौला उद्योगको जानकारी • स्वरोजगारी र तलवी व्यक्तिको फाईदा तथा बेफाईदाहरु	४		४
२	उद्यमशीलता सम्बन्धि मनोवृति विकास गर्ने ।	• सफलताको जिवनचक्र • जोखिम लिने मनोवृति	३		३
३	सम्भावित व्यवसायिक विचारको श्रृजना गर्ने ।	• व्यवसायिक विचारको श्रृजना • व्यवसायिक विचारको मुल्याङ्कन	१	२	३
४	व्यवसायिक योजनाको तयारी गर्ने । (प्रत्येक प्रशिक्षार्थीले १/१ वटा व्यावसायिक योजना तयार गरी प्रस्तुति गर्ने)	• बजार तथा बजारीकरणको अवधारणा • वस्तु तथा सेवाको वर्णन • व्यवसाय गर्ने स्थानको छनौट • बजार हिस्साको अनुमान • प्रवर्द्धनात्मक कृयाकलाप	९	१८	२७

		• अचल सम्पत्ति तथा लागतको विश्लेषण • कच्चा पदार्थ तथा लागत मुल्याङ्कन • कार्यान्वयन प्रकृयाको वर्णन • मानव संसाधन तथा लागत विश्लेषण • शिर्षभार खर्च तथा युटिलिटिज विश्लेषण • चालू पूजीको अनुमान तथा कूल आवश्यक पूजीको विश्लेषण • वस्तुको उत्पादन लागत तथा मूल्य निर्धारण • लगानीमा प्रतिफल तथा पार विन्दु विश्लेषण • सूचना संकलन प्रकृया तथा निर्देशिका			
५	व्यवसायको आधारभूत अभिलेख तयारी गर्ने ।	• दैनिक खाता (Day Book) • विक्री खाता • खरिद तथा खर्च खाता • साहु असामी वा लिनु दिनु पर्ने खाता ।	१	२	३
जम्मा			**१८**	**२२**	**४०**

Textbook:

क) प्रशिक्षकहरुका लागि निर्मित निर्देशिका तथा प्रशिक्षण सामग्री, प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, २०६९

ख) प्रशिक्षार्थीहरुका लागि निर्मित पाठ्यसामग्री तथा कार्यपुस्तिका, प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (अप्रकाशित), २०६९

Reference book:

Entrepreneur's Handbook, Technonet Asia, 1981

सामान्य गुणस्तर सूचक

उपलब्धि तह

क्र.सं	मापक	उद्देश्य प्रमाणीकरण हुने सूचक	प्रमाणीकरणको साधन
१.	श्रम बजारमा तालीमको आवश्यकता छनोट गर्ने विधि/उपाय	तालीमको आवश्यकता निर्धारण, द्रुत बजार सम्भावना सर्वेक्षण वा उपयुक्त विधि अवलम्बन गरी कम्तीमा वर्षको एकपटक स्थानीय बजारमा माग हुने दक्ष/सीपयुक्त कामदारकालागि आवश्यक तालीम प्रतिबिम्बित हुने गरी बजार अवलोकन मार्फत सम्भावना पत्ता लगाइन्छ ।	टिएमए अथवा द्रुतबजार सर्वेक्षण प्रतिवेदन
		टी.र ई. उद्योग वाणिज्य सङ्घका कार्यालयमा नियमित भेट्नुका साथै स्थानीय उद्योग व्यवसायी र ठूला उद्योगपतिका प्रतिनिधिसमेत स्थानीय रूपमा रोजगारी उपलब्ध गराउने विषयका बैठकमा सहभागी हुनेछन् र तालीमबारे समीक्षा गर्छन्	बैठकको सङ्ख्या, सहभागीहरूको नामावली र बैठक पुस्तिका
२.	भिएसटीमा राम्रो पहुँचका लागि प्रयोग गरिएको योजनाहरू	तालीम सम्बन्धी आवश्यकताका सूचना स्थानीय पत्रपत्रिका र एफएमलगायत आमसञ्चारका माध्यमबाट व्यापक प्रसारण गरिन्छन् । साथै यस्ता स्थानीय एफएम, पोस्टर र स्थानीय सामुदायिक कार्यकर्तासमेतको माध्यमबाट घोषणा गरिन्छ ।	सञ्चार माध्यमबाट प्रसारण भएका सूचनाका विषयहरू र प्रसारण सङ्ख्या
		प्रशिक्षार्थीहरू कार्यक्रमको प्रशिक्षार्थी छनोट निर्देशिकामा उल्लेख भएको विधि अपनाइ छनोट गरिन्छ ।	छनोट प्रक्रिया र छनोट गरिएका तालीम लिने व्यक्तिहरूको जानकारी, योग्यता र सूची
३.	तालीमसम्बन्धी पाठ्यक्रम र तालीम पुस्तिकाको उपलब्धता	सिटिइभिटीद्वारा गुणस्तर कायम गरी बनाइएको पाठ्यक्रम प्रशिक्षकहरूलाई उपलब्ध गराइन्छ ।	तालीम अवलोकन प्रतिवेदन
		तालीम पुस्तिका तथा तालीम सामग्रीहरू सिटिइभिटीको स्तरीय पाठ्यक्रमलाई आधार मानी निर्माण गरिन्छ । यसलाई स्थानीय श्रम बजार अनुकुलको बनाइन्छ ।	तालीम पुस्तिका/अन्य साधन
४.	तालीम दिने व्यक्तिहरूको छनौट	कम्तीमा दुइ वटा ।	तालीमकर्ताहरूको विस्तृत जानकारी ।
		दुईजना प्रशिक्षकमध्ये कम्तीमा एकजनाले आठ कक्षा उत्तीर्ण गरी सम्बन्धित व्यवसायको कम्तिमा १ बर्षको कार्य अनुभव हासिल गरेको अथवा सम्बन्धित विषयमा १ वर्षको कार्य अनुभव भएको हुनु पर्नेछ ।	सबै तालीमकर्ताहरूको विस्तृत जानकारी
		त्यस्तै दुईजना प्रशिक्षकमध्ये कम्तीमा एकजनाले निर्धारीत पाँचदिने प्रशिक्षार्थी प्रशिक्षक तालीम सफलतापूर्वक सम्पन्न गरेको हुनुपर्ने र आधारभूत/प्रारम्भिक सीप तहका लागि राष्ट्रिय रूपमा प्रतिष्ठित संस्था जस्तै-टिआइटिआईबाटचारदिने तालीम सम्पन्नगरेको हुनुपर्ने	सबै तालीमकर्ताहरूको विस्तृत जानकारी
		समग्र कार्यक्रम तालीमको पाठ्यक्रम र तालीम सामग्रीहरूबारे तालीम हनुअघि नै तालिमका सबै प्रशिक्षकहरूलाई अभिमुखीकरण तालीम दिईन्छ ।	तालीम अगाडिको अभिमुखीकरण प्रतिवेदन

क्र.सं	मापक	उद्देश्य प्रमाणीकरण हुने सूचक	प्रमाणीकरणको साधन
५.	नियमित तालीम व्यवस्थापन	तालीमको सुरुआत, अन्त्य, कार्यगत तालिम, पदस्थापन योजना, सीप परीक्षण मिति, रोजगारी स्थापना सम्बन्धी योजना र तालीमपछिको सहयोग योजनाजस्ता विषयहरूलाई समेटेर उपयुक्त समयमा तालीम पात्रोको निर्माण हुने ।	तालीम पात्रो

प्रक्रियागत तह

क्र.सं	मापक	उद्देश्य प्रमाणीकरण हुने सूचक	प्रमाणीकरणको साधन
१.	तालीममा सहभागिता	प्रशिक्षार्थीहरू लिङ्ग, जाती, जनजाती, शिक्षाको तह र भौगोलिता लगायत समग्र क्षेत्रहरू र त्यो सम्बन्धित योग्य एवं सम्बन्धित क्षेत्रको लक्षित समूहलाई ध्यानमा राखेर छानिन्छ ।	तालीम लिनेहरूको सूची
		एउटा समूहमा बढीमा २० जना ।	तालीम लिनेहरूको सूची तालीम अवलोकन प्रतिवेदन
		कम्तीमा ८०% प्रशिक्षार्थीहरू तालीमको पूरा अवधीभर उपस्थित हुनपर्ने ।	सहभागीहरूको हाजिरी पुस्तिका, तालीम अवलोकन प्रतिवेदन
२.	तालीमकर्ताको संलग्नता	प्रशिक्षार्थी र प्रशिक्षकको अनुपात सैद्धान्तिक तालीमको अवधिमा बढीमा २० जना प्रशिक्षार्थी = एकजना प्रशिक्षक र व्यावहारिक तालीमको अवधिमा १० जना प्रशिक्षार्थी = एक जना प्रशिक्षक हुनु पर्ने ।	तालीम अवलोकन प्रतिवेदन तालीम सत्र योजना
३.	भौतिक साधन	तालिम कार्यक्रमको दस्तावेजमा उल्लेख भए अनुसारको भौतिक सुविधा पर्याप्त मात्रामा उपलब्ध हुनुपर्ने । नियमित पानी र हात धुने साबुन सहितका पुरुष र महिला शौचालय छुट्टाछुट्टै व्यवस्था हुनपर्छ ।	तालीम अवलोकन प्रतिवेदन
		सबैखाले सामग्री र मेसिनहरूको प्रयोग गर्दा अवलम्बन गर्ने सुरक्षा विधिहरूको व्यवस्था, सुरक्षासँग सम्बन्धित जानकारी र त्यससँग सम्बन्धित वस्तुहरूको सूची कार्यशाला तथा प्रयोगशालामा टाँसिएको हुनपर्छ । प्रशिक्षार्थी एवम् प्रशिक्षकहरूलाई स्वास्थ्य र सुरक्षाको उपायहरूबारे निर्देशन दिइन्छ । प्राथमिक उपचार बाकस नियमित रूपमा (औषधी सहित) सम्बन्धित कक्षमा उपलब्ध रहन्छ । साथै, त्यो बाकसमा प्राथमिक उपचारसँग सम्बन्धित चिह्न पनि स्पष्ट रूपमा लेखिन्छ । प्रशिक्षार्थीहरूलाई कसरी प्राथमिक उपचार गर्ने भन्ने विधिको जानकारी गराइन्छ ।	तालीम अवलोकन प्रतिवेदन तालीम सत्र योजना

क्र.सं	मापक	उद्देश्य प्रमाणीकरण हुने सूचक	प्रमाणीकरणको साधन
४.	व्यावहारिक तालीम सम्बन्धी व्यवस्था	सैद्धान्तिक कक्षा र व्यावहारिक कक्षाको अनुपात २० सैद्धान्तिक कक्षा = ८० व्यावहारिक कक्षा हुन्छ ।	तालीम अवलोकन प्रतिवेदन तालीम सत्र योजना
		प्रत्येक प्रशिक्षार्थीहरूले आ-आफ्नो व्यवसायसँग सम्बन्धित साधन/ मेसिनहरूमा मात्रै आफ्नो अभ्यास र अन्य काम गर्नुपर्छ । साथै, अन्य सामग्री पेसा/सीपसँग सम्बन्धित रही वर्गीकरण गरेर राखिएको क्षेत्रमा गुणस्तर निर्धारण हुनेगरी सोही स्थानमा सबै प्रशिक्षार्थीले सम्बन्धित रही काम गरेको हुनुपर्छ ।	तालीम अवलोकन प्रतिवेदन तालीम सत्र योजना
		स्तरीय पाठ्यक्रम बमोजिम सबै प्रशिक्षार्थी कार्यगत तालीम, औद्योगिक अभ्यास, सीप प्रदर्शन भ्रमण लगायत गतिविधिमा अनिवार्य सहभागी हुनुपर्छ ।	तालीम अवलोकन प्रतिवेदन कार्यगत तालिम पदस्थापनको औद्योगिक अभ्यास र सीप पदर्शन भ्रमणको सूची
५.	नरम तथा व्यावसायिक सीप तालीमको व्यवस्था	सबै प्रशिक्षार्थीलाई श्रमअधिकार, एचआइभी/एड्स, प्रजनन् स्वास्थ्य, व्यवसायिक सीप तालीम, जीवनोपयोगी तालीम र वैदेशिक रोजगार सम्बन्धी अभिमुखीकरण जस्ता आफ्नो आवश्यकता अनुसारका तालीम मा पहुँच पुऱ्याइन्छ ।	तालीम अवलोकन प्रतिवेदन तालीम सत्र योजना
६.	तालीम दिने योजना तथा त्यसलाई लागू गर्ने विधि	सम्पूर्ण तालीम कार्यविधि तालीम पात्रोअनुसार नै लागू गरिन्छ ।	तालीम अवलोकन प्रतिवेदन तालीम पात्रो
		पाठ्यक्रम र तालीम पात्रोअनुसार तालीमको दैनिक पाठयोजना बनाइन्छ र त्यससम्बन्धी दैनिक कार्य पुस्तिकाको व्यवस्था हुनुपर्छ ।	तालीम अवलोकन प्रतिवेदन
		सिटिइभिटीबाट गुणस्तर कायम गरी निर्धारण गरिएको पाठ्यक्रमलाई तालीममा लागु गरिन्छ र त्यसैअनुसार बनाइएको तालीम पुस्तिकालाई प्रशिक्षक र प्रशिक्षार्थीहरूले प्रयोग गर्छन् ।	तालीम सत्र योजना, तालीम गतिविधि, अवलोकन प्रतिवेदन
७.	पदस्थापन र सरसल्लाह सम्बन्धी सहयोगको व्यवस्था	रोजगारीको पदस्थापना र अन्य स्थान विशेष सल्लाहहरू उपयुक्त कर्मचारीहरूद्वारा पर्याप्त मात्रामा उपलब्ध गराइन्छ ।	अवलोकन प्रतिवेदन
		प्रशिक्षार्थी छनौट गर्न र सीप परीक्षाको लागि रोजगारदाताहरू मध्येका विशिष्ठ र सम्बन्धित क्षेत्रमा विशिष्ठता हासिल दक्ष व्यक्तिहरूलाई सामेल गराइन्छ । रोजगारदाताहरूले नै कार्यगत तालीमको सुविधा उपलब्ध गराउँछन् । सफल प्रशिक्षार्थीहरू लाई तीलीमपछि तत्काल रोजगारी उपलब्ध गराइन्छ ।	अवलोकन प्रतिवेदन, रोजगारी र आम्दानी प्रमाणीकरण प्रतिवेदन
		सफल प्रशिक्षार्थीहरूलाई ऋण सुविधा र व्यवसाय स्थापना गर्न आवश्यक पर्ने 'सिड मनी' उपलब्ध गराई उद्योग व्यवसायको स्थापना र प्रवर्द्धन गराउन उनीहरूलाई तालीमपछि आर्थिक कारोबार गर्ने संस्थाहरूसँग सम्बन्ध स्थापना गराई सहयोग प्रदान गर्ने ।	अवलोकन प्रतिवेदन, तालीम दिने संस्था र वित्तिय संस्थाहरू बीचको करारपत्र

परिणाम/उपलब्धि तह

क्र.सं	मापक	उद्देश्य प्रमाणीकरण हुने सूचक	प्रमाणीकरणको साधन
१.	तालीम पूरा गर्ने दर	प्रशिक्षार्थीमध्ये १० प्रतिशत भन्दा बढीले तालीम अधुरो पारी बिचमा नछोड्ने ।	प्रशिक्षार्थीहरूको सूची
२.	क्षमता/सीप परीक्षा	कम्तीमा ९० प्रतिशतभन्दा बढीले तालीम पूरा गरी सीप परीक्षा दिने ।	एनएसटिबी सीप परीक्षाको परिणाम
		कम्तीमा८०प्रतिशत प्रशिक्षार्थीहरूलेसीप परीक्षाउत्तीर्ण गर्नुपर्ने ।	एनएसटिबी सीप परीक्षाको परिणाम
३.	सफल प्रशिक्षार्थीहरूको पदस्थापन दर	प्रत्येक तालीमबाट सफल ६० प्रतिशत प्रशिक्षार्थीलाई रोजगारीको व्यवस्था भएको/रोजगारी पाएका छन् ।	आम्दानी प्रमाणीकरण प्रतिवेदन/ ट्रेसर अध्ययन प्रतिवेदन
		रोजगार पाएका प्रशिक्षाथीहरूले विशेष रूपमा व्यवस्था गरिएको वर्गीकरण (यदि गरेको भएमा) अनुसारको सामान्य अवस्थाको आम्दानी गरेका छन् ।	आम्दानी प्रमाणीकरण प्रतिवेदन/ ट्रेसर अध्ययन प्रतिवेदन
४.	तालीमबाट प्राप्त सीपहरूको कार्य स्थलमा भएको प्रयोग बारे	९० प्रतिशत जागिरमा संलग्न प्रशिक्षाथीहरूले आफ्नो सीपसँग सम्बन्धित व्यावसायिक तालीममा संलग्न भएको हुनुपर्छ ।	आम्दानी प्रमाणीकरण प्रतिवेदन/ ट्रेसर अध्ययन प्रतिवेदन
		कम्तीमा ८० प्रतिशत रोजगारमा संलग्न प्रशिक्षार्थीहरू आफ्नो कामप्रति सन्तुष्ट रहेको साथै ६० प्रतिशत रोजगारदाताहरू प्रशिक्षार्थीहरूको कार्यबाट सन्तुष्ट रहेको देखिन्छ । रोजगारदाताहरू तालीमबाट प्रशिक्षार्थीहरूले पाएको सीपबाट सन्तुष्ट छन् ।	ट्रेसर अध्ययन प्रतिवेदन रोजगारदाताहरूको सर्वेक्षण

औजार उपकरण तथा सामग्रीहरू

२० जनाका प्रशिक्षार्थीको लागि

- सियो बिभिन्न नम्बरका :१० दर्जन
- धागो: सूती र नाइनल, (विभिन्न कलर र साइजका) ५० रोल
- कैची : २० वटा
- लाइटर : २० वटा
- मैन : ४० वटा
- ग्लुस्टिक :४० वटा
- ग्लु गन :२ वटा
- बिभिन्न डिजाइनका लक : २ किलो
- पेच : २ किलो
- झुम्का हुक:२ किलो
- बिभिन्न डिजाइनका प्लेट : २ किलो
- बिभिन्न साइजका चुरा फ्रेम : ४०० वटा
- बिभिन्न साइजका टप फ्रेम :१ किलो
- बिभिन्न डिजाइनका औंठीको रिङ्ग : १ किलो
- कांटा : १० दर्जन
- ब्लेड (माला उन्ने) : १ किलो (ब्लेड वाला माला हाम्रो कोर्षमा छैन ।)
- बिभिन्न साइज तथा कलरका
    - पोते : १५ के.जी.
    - मोति :१० के.जी.
    - सिम्पल क्रिष्टल :४० के.जी.
    - हेभी क्रिष्टल : ४०के.जी.
- घुघुरु: १ किलो
- प्लाष्टिकका प्लेट: १ किलो
- प्याकिग प्लाष्टिक: १ किलो
- स्ट्याप्लर: २ वटा
- मार्कर: २ दर्जन
- सादा भित्री कपडा : १० मिटर
- चेन : १०० वटा
- क्लिप : ५० वटा
- स्ट्याप्लर पिन : १० प्याकेट

सन्दर्भ सामग्री :